प्रभाव दैनिक
National Daily

इ-पेपरका लागि

वर्ष १३ | अंक ६६ | काठमाडौं | आइतबार, १४ असार २०८३ | Prabhab National Daily | Sunday, 28 June 2026 | www.prabhabonline.com | पृष्ठ ६ | मूल्य रू. ५।-

बजेटको लक्ष्यमा सरकारलाई सकस

- राजस्व संकलनमा ७५ प्रतिशतमात्रै प्रगति, अब बाँकी दिनमा दैनिक करिब १९ अर्ब ३४ करोड रुपैयाँबराबर संकलन गर्नुपर्ने
- चालुतर्फ ८०.४२ प्रतिशत खर्च हुँदा पुँजीगत खर्च ३५ प्रतिशतमा सीमित
- अन्तिम समयमा ठूलो रकम भुक्तानी गर्ने प्रवृत्तिको निरन्तरता

■ प्रभाव संवाददाता

काठमाडौं– चालु आर्थिक वर्ष सकिन केही दिनमात्र बाँकी हुँदा सरकारलाई बजेटको लक्ष्य भेट्टाउन सकस परेको छ। चालु खर्चतर्फ ८० प्रतिशतभन्दा बढीको प्रगति हासिल गरिसकेको भए पनि पुँजीगत खर्च करिब ३५ प्रतिशतमा सीमित छ। यस्तै राजस्व संकलनको लक्ष्यमा पुग्न पनि कठिन हुने देखिएको छ।

महालेखा नियन्त्रक कार्यालयकाअनुसार शुक्रबारसम्म ११ खर्ब १२ अर्ब ४८ करोड ४६ लाख रूपैयाँ राजस्व संकलन भएको छ। यो चालु आवमा राजस्व संकलन गर्न राखिएको लक्ष्यको ७५.१७ प्रतिशत हो।

सरकारले चालु आर्थिक वर्षका लागि १४ खर्ब ८० अर्ब रूपैयाँबराबर राजस्व संकलन गर्ने लक्ष्य राखेको थियो। यो लक्ष्य भेट्टाउन अब बाँकी दिनमा तीन खर्ब ६७ अर्ब ५१ करोड राजस्व संकलन गर्नुपर्ने चुनौती सरकारलाई परेको छ। त्यसका लागि दैनिक करिब १९ अर्ब ३४ करोड रूपैयाँबराबर संकलन गर्नुपर्ने हुन्छ।

महालेखा नियन्त्रक कार्यालयका अनुसार कर राजस्व संकलनतर्फ लक्ष्यको ७६.२० प्रतिशत प्रगति भएको छ। कर राजस्वतर्फ १३ खर्ब २५ अर्ब ५८ करोड ३९ लाख रूपैयाँ संकलन गर्ने लक्ष्य रहेकामा हालसम्म १० खर्ब १० अर्ब १६ करोड तीन लाख रूपैयाँ संकलन भएको छ।

त्यस्तै गैरकर राजस्वतर्फ एक खर्ब ५४ अर्ब ४१ करोड ६१ लाख रूपैयाँ संकलन गर्ने लक्ष्य रहेकामा हालसम्म एक खर्ब दुई अर्ब ३२ करोड ४३ लाख रूपैयाँ प्राप्त भएको छ। यस्तै, अनुदानतर्फ ५३ अर्ब ४४ करोड ६९ लाख रूपैयाँ प्राप्त गर्ने लक्ष्य रहेकामा हालसम्म २४ अर्ब ११ करोड १२ लाख रूपैयाँमात्रै प्राप्त भएको तथ्यांक छ। जुन लक्ष्यको ४५.११ प्रतिशतबराबर हो।

सो अवधिमा अन्य प्राप्ति शीर्षकमा छ अर्ब ५० करोड ५३ लाख रूपैयाँ संकलन भएको छ। यससँगै सरकारको कूल प्राप्ति ११ खर्ब ४३ अर्ब १० करोड ११ लाख रूपैयाँ पुगेको छ। जुन वार्षिक लक्ष्यको ७४.५४ प्रतिशत हो।

यस्तै, कूल सरकारी खर्चतर्फ १४ खर्ब चार अर्ब ९८ करोड ८६ लाख रूपैयाँबराबर पुगेको छ। यो कूल लक्ष्यको ७१.५३ प्रतिशत हो। शुक्रबारमात्रै पाँच अर्ब ३६ करोड ८२ लाख रूपैयाँ खर्च भएको छ। खर्चको प्रकृतिअनुसार चालुतर्फ ८०.४२ प्रतिशत रहेको छ। कूल ११ खर्ब ८० अर्ब ९८ करोड रूपैयाँको लक्ष्यमध्ये नौ खर्ब ४९ अर्ब ७५ करोड ९५ लाख रूपैयाँ खर्च भइसकेको छ।

क्रमशः पृष्ठ २ मा

रास्वपा महाधिवेशन

पार्टीको सैद्धान्तिक दिशा तय
गुट जन्मियो, बढायो आशंका

- निर्वाचन प्रक्रियामा उठ्यो विश्वसनीयताको प्रश्न
- राजनीतिक र वैचारिक दस्तावेज विवादसहित पारित
- पार्टीमा गुट छताछुल्ल
- निर्वाचन प्रणालीमाथि शंका

■ जेबी योञ्जन

काठमाडौं– राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)को पहिलो राष्ट्रिय महाधिवेशन सकिएको छ। महाधिवेशनले नयाँ नेतृत्व चयन गरेको छ। नयाँ राजनीतिक दस्तावेज पनि पारित गरेको छ। यसबाहेक महाधिवेशनले गुट जन्माएको छ। निर्वाचन प्रक्रियाबारे अनेकन प्रश्न छाडेको छ। प्रदेशसभा खारेजीको एजेण्डाले राजनीतिक द्वन्द्वको बीउ रोपेको छ।

यीमध्ये सबैभन्दा महत्त्वपूर्ण भनेको पार्टीको राजनीतिक र वैचारिक दिशा निर्देश गर्ने दस्तावेज पारित गऱ्यो। निर्विरोध निर्वाचित सभापति रवि लामिछाने र निर्विरोध नै निर्वाचित उपसभापति डा. स्वर्णिम वाग्लेले प्रस्तुत गरेका दुवै प्रतिवेदन सामान्य छलफलपछि पारित भए। वाग्लेको प्रतिवेदनमा प्रतिवेदनमा प्रदेशसभा खारेजीको प्रस्ताव थियो, जुन पारित भयो।

तर, यसप्रति रास्वपाका सिरहा-२ बाट निर्वाचित सांसद शिवशंकर यादवले फरक मत राखेका छन्। उनले प्रभावसँग भने, 'हामी संघीय लोकतान्त्रिक गणतन्त्रको मार्गमा छौं। यो हाम्रो राजनीतिक आदर्श हो। दायाँबायाँ जाँदैनौं र पार्टीलाई जान दिन्नौं तर जुन प्रदेशसभा खारेजीको प्रस्ताव पारित भयो, त्यो स्वीकार्दैनौं।'

यससँगै महाधिवेशनले प्रत्यक्ष निर्वाचित कार्यकारी प्रधानमन्त्रीको एजेण्डा अघि सारेको छ। यो प्रस्ताव लामिछाने र वाग्ले दुवैको प्रतिवेदनमा थियो। तर, प्रतिवेदन सार्वजनिक भएपछि राजनीतिक विश्लेषकहरूले प्रधानमन्त्री वालेन्द्र शाहको कार्यशैली हेरेर प्रत्यक्ष निर्वाचित कार्यकारी देशको सन्दर्भमा अनपयुक्त शासकीय प्रणाली भन्न थालेका छन्। यद्यपि, रास्वपाले यो प्रस्ताव अघि साऱ्यो।

यसबाहेक राष्ट्रिय सभाको पुनर्संरचनाको प्रस्ताव पनि रास्वपाले महाधिवेशनबाट अगाडि सारेको छ। निर्दलीय स्थानीय तहको अवधारणा पनि समावेश गरेको छ। यी विषयले पार्टीलाई दीर्घकालीन राजनीतिक दिशा निर्देश गरेका छन्।

तर, प्रतिवेदनमाथि प्रतिनिधिहरूले पर्याप्त छलफल गर्न नपाएको गुनासो गरेका छन्। धेरैले यस्ता संवैधानिक विषयमा थप बहस आवश्यक रहेको बताए। सांसद यादवले यी विषयमा पार्टीको केन्द्रीय समितिमा व्यापक बहस हुनुपर्ने बताए। सांसद रहबर अन्सारीले प्रदेश संरचना सुधार गर्नुपर्ने धारणा राखे। उनले पनि सांसद यादवले जसरी प्रदेशसभा खारेजी गर्न नहुने बताए। उनले भने, 'प्रदेशसभा खारेजी होइन, पुनर्संरचना गरेर बलियो बनाउने हो।' यी प्रतिनिधिमूलक सांसदहरूको विचारले पनि रास्वपाभित्र प्रदेशसभा खारेजीको पक्ष र विपक्षमा मत रहेको देखाउँछ।

जन्मियो गुट

महाधिवेशनअघि सभापति लामिछाने र वरिष्ठ नेता वालेन्द्र शाहले गुटबन्दी नगर्न निर्देशन दिए। तर, निर्वाचन सुरु भएपछि फरक दृश्य देखियो।

उम्मेदवारी फिर्ता हुने क्रम चल्यो। एउटै उम्मेदवारको पक्षमा सामूहिक समर्थन घोषणा गरियो। प्रतिनिधिमाझ उम्मेदवारको सूची भएको अर्थात् चिट बाँडिएको चर्चा भयो। महामन्त्रीका उम्मेदवार मनिष झाले सभापतिलाई नै गुटबन्दी गर्नेलाई कारबाहीको माग गरे। उनले भने, 'गुटको प्रयास गर्नेलाई कारबाही गर्नुहोस्। यहाँ सभापतिज्यूकै बदनाम गरिरहेको छ।'

उम्मेदवारी फिर्ता लिएपछि नेता प्रमोद न्यौपानेले सामाजिक सञ्जालमा लेखे, 'खासमा गुटचाहिँ यही हो है। असली चित्रचाहिँ मखान्यज्यूहरूले देखाउनुभयो। पेवा होइन संगठन।' यसले पार्टीभित्र ध्रुवीकरणबारे बहस चर्किएको छ। भनिन्छ, मनिष झालाई प्रधानमन्त्री शाहको समर्थन थियो। उनलाई पराजित गर्दै निर्वाचित भएमा विपिन आचार्यलाई सभापति लामिछानेको समर्थन थियो।

क्रमशः पृष्ठ २ मा

सन्दर्भः वैदेशिक रोजगार

वैदेशिक रोजगारीको प्रलोभनमा ठगी

सामाजिक सञ्जाल र चिनजानको व्यक्तिबाटै धेरै ठगी

म्यानपावरले धेरै रकम माग्दा श्रमिक झन् पीडामा

■ ममता थापा

काठमाडौं– खेती किसानी गर्ने रौतहटका हुसेन राय यादवले आफ्ना दुई छोरालाई वैदेशिक रोजगारीमा पठाउने निधो गरे। दुई जनाले विदेश गएर कमाए परिवारको आर्थिक स्थिति राम्रो हुने सपना हुसेनले देखेका थिए। त्यसका लागि गाउँकै चिनजानको व्यक्तिले झापाका एजेण्टसँग सम्पर्क गराइदिए। दिपेश परियार नाम गरेका एजेण्टले प्रतिव्यक्ति दुई लाख रूपैयाँमा मलेसिया पठाइदिने भनेपछि उनीमार्फत पठाउन हुसेन तयार भए। भिसा नै नआई पैसा मागेका ती एजेण्ट उडानका लागि भनेर तोकिएको मितिमा सम्पर्कविहीन भएपछि हुसेनलाई ठगिएको थाहा भयो।

'फ्लाइटको दिन पैसा हाल्छु भन्दा नहाले काम हुँदैन भनेपछि दिनैपऱ्यो। भिसा आएको प्रमाण माग्दा दिन मिल्दैन, कसैले समात्यो भने म्यानपावरले एक करोड तिर्नपर्छ, हामी पनि जेल जानुपर्छ भन्यो,' उनले भने, 'एजेण्टले दिएको टिकट साइबरमा देखाउँदा ठीक छ भनेको थियो। तर फ्लाइटको दिन मोबाइल स्वीच अफ गऱ्यो। सबै सपना बेकार भयो।'

वैदेशिक रोजगार विभागमा ठगीको उजुरी लिएर आएका युवाहरूको भीड। *तस्विरः प्रभाव*

हुसेनका छोराहरूसँगै मलेसिया उड्न आएका रौतहटका तब्रेज खान, मझेरी आलम, श्यामबाबु दास र अशोक दास यतिबेला वैदेशिक रोजगार विभागमा धाइरहेका छन्। उनीहरूलाई असार १ गते बिहान ९:२५ को उडान भनिएको थियो। उनीहरूसहित सोही गाउँका ३५ जनाबाट गत वैशाखमा दिपेशले पैसा उठाएका थिए।

पीडित युवाहरूलाई सामाखुसीमा रहेको स्पेस एचआर सोलुसन प्रालि नामको म्यानपावरबाट पठाउने भनिएको थियो। एजेण्टले मलेसियाको पञ्जा कम्पनीमा काम लगाइदिने भनेको पीडित बताउँछन्। दिपेशले आफ्नी पत्नी बताउने शर्मिला परियार नाम गरेकी महिलाको नबिल बैंकमा रहेको खातामा रकम जम्मा गर्न लगाएका थिए। अहिले शर्मिला पनि सम्पर्कमा छैनन्। उनी कुवेतमा रहेको खबर पाएको पीडित युवाहरू बताउँछन्।

मुद्दाको प्रक्रिया थालेका हुसेन आखिर ऋण लागिहाल्यो अब फेरि पासपोर्ट बनाएर छोराहरूलाई म्यानपावरमार्फत विदेश पठाउँछु भन्ने सोचमा छन्। त्यसका लागि एउटा म्यानपावरबाट अन्तरवार्ता दिँदा छोराहरू पास भए।

काठमाडौं आएको १० दिनमा धेरै म्यानपावरमा गइयो। म्यानपावर डुल्दाडुल्दा खुट्टा-टाउको दुखिसक्यो। पाँच लाखभन्दा काम हुँदैन भन्छ। गरिबलाई यो जिन्दगी बाँच्नै बेकार छ।

■ हुसेन राय यादव
रौतहट

क्रमशः पृष्ठ २ मा

एसभिपी कार्यक्रम स्थगन गर्न साउदीलाई श्रममन्त्रीको आग्रह

राजदूतको जवाफ- साउदी सरकारसँग परामर्श गर्छौं

■ प्रभाव संवाददाता

काठमाडौं– युवा, श्रम तथा रोजगारमन्त्री रामजी यादवले नेपाली श्रमिकको सीप प्रमाणीकरण (एसभिपी) कार्यक्रम स्थगन गर्न साउदी अरबसँग आग्रह गरेका छन्। नेपालका लागि साउदीका राजदूत फहद मोहम्मद ए मिएखरसँगको शिष्टाचार भेटका क्रममा शनिबार मन्त्री यादवले उक्त आग्रह गरेका हुन्।

भेटमा उनले सीप प्रमाणीकरण कार्यक्रमका कारण नेपाली श्रमिकको भिसा प्रक्रिया प्रभावित नहोस् र भिसा प्रक्रिया यथावत् अगाडि बढाइयोस् भन्ने विषयमा विशेष अनुरोध गरेको श्रममन्त्रीको सचिवालयले जानकारी दिएको छ। हाल साउदी अरब जान तयारी अवस्थामा रहेका नेपाली श्रमिक सीप प्रमाणीकरण प्रक्रियासम्बन्धी अन्योलका कारण समस्यामा परेको अवस्थाप्रति ध्यानाकर्षण गराउँदै मन्त्री यादवले श्रमिकको रोजगारीमा कुनै अवरोध नआउने वातावरण सुनिश्चित गर्न आग्रह गरे। उनले सीप प्रमाणीकरण प्रक्रियासँग सम्बन्धित सबै विषय द्विपक्षीय परामर्श र सहमतिका आधारमा स्थापित संयन्त्रमार्फत समाधान गरिनुपर्नेमा जोड दिए।

सो अवसरमा राजदूत मिएखरले साउदी सरकारसँग आवश्यक परामर्शपश्चात् यस सम्बन्धमा थप जानकारी उपलब्ध गराइने बताएको श्रमन्त्रीको सचिवालयले जानकारी दिएको छ।

साउदीले नेपालसँग समन्वय नै नगरी सीप प्रमाणीकरण लागू गर्न खोजेपछि नेपालपक्षबाट त्यसको विरोध भएको हो।

क्रमशः पृष्ठ २ मा

अमेरिकाबाट फिर्ता ल्याइएको शाक्यमुनि बुद्धको प्राचीन मूर्ति पुनःस्थापना

काठमाडौं– चोरले संयुक्त राज्य अमेरिका पुऱ्याएको १३औं शताब्दीको शाक्यमुनि बुद्धको प्रस्तर मूर्ति स्थानीय न्हुच्छेवहालमा विधिपूर्वक पुनःस्थापना गरिएको छ । काठमाडौं महानगरपालिका, पुरातत्त्व विभाग तथा सम्पदा अभियन्तालगायतको समन्वयमा हालै त्यहाँ उक्त मूर्ति पुनःस्थापना गरिएको हो ।

पुरातत्त्व अधिकृत सरिता सुवेदीका अनुसार चोरी भएको उक्त मूर्ति अमेरिकामा फेला परेपछि पुरातत्त्व विभागले अमेरिकास्थित तिब्बत हाउस कलेक्सनसँग समन्वय गरी नेपाल फिर्ता ल्याएको हो । अमेरिकाको एक संग्रहालयमा रहेको मूर्ति सरकार, विभिन्न संस्था, विद्वान् तथा स्वदेशी-विदेशी सम्पदा अभियन्ताको सहकार्यमा नेपाल ल्याइएको थियो । शान्त र सौम्य भाव झल्किने उक्त मूर्ति १३औं शताब्दीमा निर्माण भएको मानिन्छ । पुरातात्त्विक तथा सांस्कृतिक दृष्टिले महत्त्वपूर्ण मानिने यस सम्पदाले तत्कालीन कला, संस्कृति र मूर्तिकलाको उत्कृष्ट नमूना मानिन्छ ।

अन्तर्राष्ट्रिय कानुनअनुसार कुनै पनि मुलुकको सांस्कृतिक सम्पदा अन्य देशमा पुगेको अवस्थामा आवश्यक कानुनी प्रक्रिया पूरा गरी सम्बन्धित मुलुकमै फिर्ता गर्नुपर्ने व्यवस्था रहेकाले सोही प्रक्रियाअनुसार उक्त सम्पदा नेपाल ल्याइएको अधिकृत सुवेदीले बताइन् । नेपालबाट चोरी भएका मूर्ति, कलावस्तु तथा अन्य सांस्कृतिक सम्पदा कुनै पनि मुलुकमा रहेको सूचना प्राप्त भएपछि पुरातत्त्व विभागले कूटनीतिक माध्यमबाट तिनलाई फिर्ता ल्याउने प्रक्रिया अघि बढाउने गरेको छ ।

विभिन्न देशका संग्रहालय, लिलामी घर वा निजी संग्रहमा रहेका नेपाली सम्पदा फिर्ता गराउँदा सम्बन्धित मुलुकले ढुवानी खर्च व्यहोर्ने व्यवस्था छ । सम्बन्धित देशमा नेपाली समुदाय तथा सम्पदा संरक्षणमा क्रियाशील संघसंस्थाले पनि यसमा निरन्तर सहयोग गर्दै आएका जानकारी उनले दिइन् । *रासस*

पृष्ठ १ बाट क्रमशः

पार्टीको सैद्धान्तिक...

महिला उपसभापतिमा निर्वाचित सोवितालाई पनि सभापतिको समर्थन रहँदा पराजित भएकी डा. तोसिमा कार्कीलाई भने प्रधानमन्त्री शाहको समर्थन रहेको बताइएको छ ।

नयाँ कार्यसमिति चयन

महाधिवेशनले नयाँ केन्द्रीय समिति चयन गरेको छ । सभापतिदेखि पदाधिकारीसम्म निर्वाचन प्रक्रियाबाट चयन भए । कोही सर्वसम्मति त कोही मतदान प्रक्रियाबाट निर्वाचित भए । नवनिर्वाचित पार्टी सभापति लामिछानेले यसलाई लोकतान्त्रिक अभ्यासको उदाहरण भनेका छन् । तर, निर्वाचन प्रक्रियामै प्रश्न उठ्यो । मतदान पनि अस्वाभाविक लम्बियो । मतगणना पनि ढिलो भयो । महाधिवेशन तीन दिनमा सक्ने योजना थियो । सात दिन पुग्यो । यसले व्यवस्थापनमाथि प्रश्न उठ्यो ।

महाधिवेशनको सबैभन्दा धेरै आलोचना निर्वाचन प्रणालीले खेप्यो । रास्वपाले विद्युतीय मतदान प्रयोग गऱ्यो तर उम्मेदवारको नाम राख्ने क्रम विवादित बन्यो । कतिपय उम्मेदवारले आफूहरूलाई पछाडि सारेको गुनासो गरे । क्रमसंख्याले मत परिणाम प्रभावित गरेको दावी पनि भयो ।

प्रतिस्पर्धीलाई समेत मत दिनुपर्ने व्यवस्थामाथि पनि प्रश्न उठ्यो । सांसद राजीव खत्रीले प्रश्न गरे, 'संसारमा आफ्नै प्रतिद्वन्द्वीलाई अनिवार्य भोट दिनुपर्ने मतदान प्रणाली कहाँ हुन्छ ?' सांसद ज्वाला संग्रौलाले व्यंग्य गर्दै लेखिन्, 'जान्नेलाई छान्ने क्या सर !' कतिपय उम्मेदवारको मतपरिणाम ढिलो सार्वजनिक भयो । केहीले निर्वाचन व्यवस्थापनमाथि असन्तुष्टि जनाए ।

मतदानमा प्रतिनिधि घट्यो

महाधिवेशनका लागि चार हजारभन्दा बढी प्रतिनिधि चयन गरिएको थियो । तर, केन्द्रीय सदस्य निर्वाचनमा करिब तीन हजार मतमात्र खस्यो । पदाधिकारी निर्वाचनमा मतदाता अझ घटेको । निर्वाचन समितिका अनुसार केन्द्रीय सदस्यमा मतदान गरेका धेरै प्रतिनिधिले पदाधिकारीमा मतदान गरेनन् ।

महाधिवेशन लम्बिँदा प्रतिनिधि घर फर्किएका थिए । कतिपयले आर्थिक अभाव देखाए । कतिपयले समय अभावको कारण बताए । यसले निर्वाचन प्रक्रियामा प्रतिनिधित्वको विषयलाई लिएर पनि प्रश्न उठ्यो ।

व्यवस्थापन कमजोर

महाधिवेशनको कार्यतालिका पटक-पटक फेरियो । बन्द सत्र समयमै सुरु भएन । प्रतिनिधि घण्टौं प्रतीक्षामा बसे । गर्मी, बसोबास र सूचना अभावको गुनासो सुनियो । समय व्यवस्थापनलाई आफ्नो विशेषता बताउने पार्टी आफैं समयमै चल्न सकेन । यसले व्यवस्थापकीय क्षमतामाथि प्रश्न उठायो ।

यसबाहेक महाधिवेशनमा पत्रकार र अतिथि पनि असन्तुष्ट भए । पत्रकारले सूचना प्रवाह व्यवस्थित नभएको गुनासो गरे । मिडिया सेन्टरको व्यवस्थापन कमजोर भएको बताए । महाधिवेशनस्थलमा सहज पहुँच नदिएको आरोप पनि लाग्यो । अतिथिप्रतिको व्यवहार पनि विवादमा रह्यो । एमाले नेता प्रदीप ज्ञवालीले सम्बोधन गरिरहँदा हुटिङ भयो । रास्वपा सांसदहरू खगेन्द्र सुनार र रमेश प्रसाईले नेता नेपालसँगै कांग्रेस सभापति गगन थापाप्रति छुद्र र 'अराजनीतिक' टिप्पणी गरे । जसप्रति शनिबार सभापति लामिछानेले माफी मागे । बोल्दा ख्याल गर्न आफ्ना सांसदहरूलाई निर्देशन दिए ।

■■■

बजेटको...

विकास निर्माणको काममा खर्च हुने पुँजीगततर्फ एक खर्ब ४२ अर्ब २३ करोड ६८ लाख रूपैयाँ पुगेको छ । जुन लक्ष्यको ३४.८७ प्रतिशत हो । चालु आवका लागि चार खर्ब सात अर्ब ८८ करोड ८० लाख रूपैयाँ पुँजीगत खर्च गर्ने लक्ष्य तय गरिएको थियो ।

त्यसैगरी वित्तीय व्यवस्थापनतर्फको खर्च ८३.४१ प्रतिशत पुगेको छ । वित्तीय व्यवस्था विभिन्न ऋणको साँवा तथा ब्याज भुक्तानीका लागि खर्च गरिन्छ । वित्तीय व्यवस्थातर्फ कूल तीन खर्ब ७५ अर्ब २४ करोड २० लाख रूपैयाँ लक्ष्यमध्ये तीन खर्ब १२ अर्ब ९९ करोड २३ लाख रूपैयाँ खर्च भएको महालेखा नियन्त्रक कार्यालयको विवरणमा उल्लेख छ ।

■■■

सामाजिक सञ्जाल...

तर, म्यानपावरले पाँच लाख लाग्छ भनेपछि हुसेनले १० लाख रूपैयाँ ऋण काढ्ने आँट गर्न सकेनन् । अरु म्यानपावरले सस्तोमा पठाइदिन्छन् कि भनेर बुझ्दाबुझ्दा थाकिसकेको उनले गुनासो गरे ।

'धेरै म्यानपावरमा गइयो । एक जनाको पाँच लाख भन्छ । हिजो महांकालको म्यानपावर गएको पाँच लाख भन्यो । सिनामंगलमा पनि पाँच लाख भन्यो,' उनले भने, 'काठमाडौं आएको १० दिनभन्दा बढी भइसक्यो । म्यानपावर डुल्दाडुल्दा खुट्टा, टाउको सबै दुखिसक्यो । पाँच लाखभन्दा काम हुँदैन भन्छ । गरिबलाई यो जिन्दगी बाँच्नै बेकार छ ।'

चिनजानको व्यक्तिलाई विश्वास गर्दा ठगीमा परेका रौतहटका पीडित जस्तै सामाजिक सञ्जालको आकर्षक विज्ञापनले ठगिएका धेरै युवाहरू विभागमा भेटिए । मुद्दा दर्ता गर्न कागजात जुटाइरहेका सात जना युवालाई ग्रिसमा रोजगारीको अवसर दिने भनेर विभिन्न मुलुक पुऱ्याएर फर्काइएको खुलेको छ । सामाजिक सञ्जालमा विज्ञापन देखेको भरमा प्रतिव्यक्ति सात लाख रूपैयाँ बुझाएको पीडित युवाहरूले बताए । त्यस्तै, क्यानडा जान भनेर १८ लाख रूपैयाँ बुझाएका खोटाडका अर्का युवाको पीडा पनि उस्तै थियो । उनी पनि विभागमा धाइरहेका भेटिए ।

८० प्रतिशत ठगी सामाजिक सञ्जालबाट

चालु आर्थिक २०८२/८३ को साउनदेखि जेठ महिनासम्म चार हजार ९७३ वटा व्यक्तिगत ठगीका उजुरी दर्ता भएको विभागको मुद्दा तथा अनुसन्धान शाखाले जानकारी दिएको छ । अघिल्लो आर्थिक वर्षको १२ महिनामा यस्तो मुद्दा पाँच हजार ६३२ वटा दर्ता भएका थिए । प्रत्येक दिन ३० वटासम्म मुद्दा दर्ता हुँदा करिब पाँचदेखि सात वटा मेलमिलाप हुने गरेको शाखाले जनाएको छ । पछिल्लो समय उजुरीको संख्या र न्याय निरूपणको प्रक्रियामा खासै सुधार नभएको विभागको भनाइ छ ।

मुद्दा शाखाका नायब सुब्बा उमेश बस्नेत व्यक्तिगत ठगी बढ्नुमा समाजिक सञ्जाल र जनचेतनाको कमी नै प्रमुख कारण रहेको बताउँछन् । यस्तो ठगी नियन्त्रणमा व्यक्ति स्वयं सजग हुनुपर्ने उनको भनाइ छ । 'ठगी बढ्नुमा मुख्य समस्या सामाजिक सञ्जाल र जनचेतानाको कमी हो,' उनले भने, 'धेरैले पठाउने मान्छे नै नभेटी पैसा दिनुहुन्छ । यसमा दिनेव्यक्ति नै सजग हुनुपर्छ । युरोप जान खोज्नेहरूले कम्तीमा यति त बुझ्नपर्छ नि !'

सामाजिक सञ्जालबाट हुने ८० देखि ९० प्रतिशत ठगीमा १० देखि १५ प्रतिशत घटनामा सम्बन्धित व्यक्तिलाई नभेटी पैसा दिने गरेको पाइएको उनको भनाइ छ । त्यसैगरी रोजगारीमा पठाइदिन्छु भन्दै मोटो रकम असुलेर अन्य मुलुकमा लुकेर बस्नेहरू करिब १० प्रतिशत रहेको बस्नेतले बताए । उनीहरूलाई कारबाहीको दायरामा ल्याउने कुनै संयन्त्र नभएको विभागका अधिकारीहरू बताउँछन् ।

साथै, व्यक्तिगत ठगीमा संलग्न मुख्य गिरोहले विभिन्न सञ्जालको प्रयोग गर्दा मुख्य दोषीलाई कारबाही गर्न चुनौतीपूर्ण बनेको बस्नेतले बताए । 'ठगी गर्ने गिरोहले धेरै वटा च्यानलको प्रयोग गर्छ । पीडितले खातामा पैसा जम्मा गरेका ८० प्रतिशत व्यक्ति ठग नै हुँदैनन्,' उनले भने, 'उनीहरूलाई कडा कारबाही गर्दा पनि न्यायोचित हुँदैन । दलालहरूले कमिसन दिएर सोझासाझा व्यक्तिलाई प्रयोग गरेको पाइन्छ ।'

■■■

एसभिपी कार्यक्रम...

साउदी दूतावासले असार ३ गते सीप प्रमाणीकरण कार्यक्रमको उद्घाटन कार्यक्रम राखेको थियो । वैदेशिक रोजगार व्यवसायीहरूले साउदी राजदूतले उद्घाटन गर्न लागेको उक्त कार्यक्रम बिथोलिदिए । साउदी दूतावासले अन्य मुलुकमासमेत यो कार्यक्रम लागू भइसकेकाले नेपालमा पनि कार्यान्वयन गरिने अडान दोहोऱ्याएको थियो । दूतावासले सोही अडानको पत्र बुधबार श्रम मन्त्रालयलाई पठाएको थियो । यही सन्दर्भमा साउदी राजदूतले श्रममन्त्री यादवसँग भेट गरेका हुन् ।

साउदी दूतावासले यो कार्यक्रम श्रमिककै हितमा रहेको दावी गर्दै आएको छ । दूतावासकाअनुसार दक्ष कामदारको सुनिश्चित गर्न सीप प्रमाणीकरण गर्न लागिएको हो । हाल पाँचवटा पेसाका लागि सीप प्रमाणीकरण लागू गरिने र पछि अन्य पेसामा विस्तार गर्दै लगिने बताइएको थियो । यसका लागि श्रमिकले सैद्धान्तिक र प्रयोगात्मक परीक्षाबापत करिब १५ हजार रूपैयाँ बुझाउनुपर्नेसमेत भनिएको छ ।

सरकारबाट उपचार खर्च लिने क्यान्सरका बिरामी बढे

काठमाडौं– विगत पाँच वर्षमा क्यान्सरका बिरामी करिब दोब्बरले बढेका पाइएको छ । सरकारबाट उपचार खर्च लिने क्यान्सरका बिरामी बढेका स्वास्थ्य सेवा विभागको सामाजिक सुरक्षा तथा नर्सिङ महाशाखाले जानकारी दिएको हो ।

महाशाखाकी निर्देशक हिरादेवी निरौलाले पाँच वर्षमा क्यान्सरको उपचारबापत सहुलियत लिने बिरामी दोब्बरले बढेका बताइन् । उनका अनुसार आर्थिक वर्ष २०७७/७८ मा १५ हजार १८७ क्यान्सरका बिरामी रहेकामा आर्थिक वर्ष २०८१/८२ मा २८ हजार ६७८ जना पुगेका छन् । उनले क्यान्सरको जनचेतना कमीले क्यान्सर रोग लाग्ने गरेको बताइन् ।

'क्यान्सरको जनचेतनाको कमीले क्यान्सर रोग लाग्ने गरेको पाइएको छ,' उनले भनिन्, 'सरकार नागरिक समाज सबैले क्यान्सर रोगबाट बचाउन जनचेतना कार्यक्रम सञ्चालन गर्नुपर्दछ ।'

यसैगरी, २०७८/७९ मा १९ हजार ३१, २०७९/८० मा १६ हजार ६९६ र २०८०/८१ मा २२ हजार १५३ जना क्यान्सरका बिरामीले महाशाखाबाट उपचार खर्च लिएका महाशाखाका निर्देशक निरौलाले जानकारी दिइन् । महाशाखाले विपन्न नागरिक औषधि उपचार कोषबाट क्यान्सर पीडितका लागि एक लाख रूपैयाँसम्मको औषधि उपचारको व्यवस्था गर्दै आइरहेको छ ।

यस्तै, प्रदेश सरकारले पनि थप एक लाख रूपैयाँसम्मको उपचार सहायता प्रदान गर्दै आएको छ । शरीरको कोष तथा कोषिकाको समूहको अस्वाभिक वृद्धि नै क्यान्सर रोग हो । यसलाई एक प्रकारको गिर्खा वा टचुमर पनि भनिन्छ । नेपालमा देखिएका मुख्य क्यान्सरमा फोक्सोको क्यान्सर, पाठेघरको मुखको क्यान्सर, स्तन क्यान्सर, पेटको क्यान्सर र आन्द्राको क्यान्सर प्रमुख रहेका महाशाखाका निर्देशक निरौलाले जानकारी दिइन् । उनका अनुसार पुरुषमा फोक्सो, पेट, आन्द्रा, मुख र थाइराइडको क्यान्सर बढी देखिएको छ भने महिलामा पाठेघरको मुख, स्तन, फोक्सो, पित्तथैली र डिम्बाशयको क्यान्सर प्रमुख छन् ।

पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठानका क्यान्सर रोग विशेषज्ञ डा. अरुण शाहीले अत्यधिक मद्यपान र सुर्तीजन्य पदार्थको सेवन, खानपिन, जीवनशैली, आराम, विकीरणको प्रभाव, जीवाणुको कारण, वंशाणुगत कारणजस्ता मुख्य कारणले क्यान्सर निम्त्याउने बताए । 'भात, दाल, तरकारी, अचार नखाएर हामी बढीजसो फास्टफुड, जंकफुड, धूमपान, मद्यपान, पोलेको, व्यायाम नगर्दा, सडेगलेका तथा बासी खानेकुरा खाँदा धेरै नै क्यान्सर हुने जोखिम हुन्छ,' उनले भने, ' मोटोपनले गर्दा क्यान्सर हुने जोखिम दोस्रो कारक हो ।'

उनले खानपिन, आराम, व्यायाम, धूमपान, मद्यपान र मोटोपनलाई रोक्न सके क्यान्सरलाई कम गर्न सकिने बताए । नेपालमा सबभन्दा बढी फोक्सो र त्यसपछि महिलाको पाठेघरको मुखमा हुने क्यान्सर रहेको छ । त्यसपछि स्तन क्यान्सर, पेटको क्यान्सर, ठूलो आन्द्राको क्यान्सर र रगतको क्यान्सर पर्ने गर्दछन् ।

सरकारले पाठेघरको मुखको क्यान्सरविरुद्धको लगाइने 'हचुमन पापिलोमा भाइरस' (एचपिभी) खोप किशोरीलाई निःशुल्क लगाउँदै आएको छ । सरकारकै तहबाट क्यान्सर रोग उपचारका लागि भक्तपुर क्यान्सर अस्पताल, चितवनस्थित बिपी कोइराला मेमोरियल क्यान्सर अस्पताल र सुशील कोइराला प्रखर क्यान्सर अस्पताल स्थापना गरेको छ । *रासस*

मलेसियामा रोजगार कम्पनी : INTEGRATED COLD CHAIN LOGISTICS SDN BHD

पूर्व स्वीकृति मिति : २०८३/०३/१२ LT. No. 344106 चलानी नं. ६०२५७३४७

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	मासिक तलब RM	मासिक तलब ने.रू.	ओभर टाइम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्ताका काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1	Helper	13	0	1700	६२,४६६	का.नि अनुसार	८ घण्टा	६ दिन	का.नि अनुसार	छैन	छ	२ वर्ष

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८३ असार २१ गते (5th July 2026) मा हुनेछ ।

रुजदेखा नरिने वि मेडिकल खर्च कटाउने गर्ने र कति गर्ने	रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने	रुजदेखा नरिने बिमा खर्च कटाउने व्यहोर्ने र कति लाग्ने	रोजगारका बिमा हुने/नहुने र कसले व्यहोर्ने	हवाई टिकट कसले दिने र कति लाग्ने	भिसा शुल्क कसले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (रासस्सफ)	कल्याणकारी कोष सम्बन्धि व्यवस्था	सेवा शुल्क	अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने	भिसा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने
कामदार आफैं	दिने	कामदार आफैंले	हुने : रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रु २१५ / - कामदारले तिर्ने	रु. १,५०० /- कामदार आफैंले	निःशुल्क	रु.७०० /- कामदार आफैंले	रोजगारदाता कम्पनीले

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आइनो नामका बिमा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम चुकाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आए काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु सायमा राख्नुहोला । आए कर्टिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कमैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आए जाने मुलुक, काम दिने कम्पनी, पाउने मेसा, सुविधा र अन्य शर्तबारे राम्रो पढ्न राम्रा सम्झौतामा हस्ताक्षर गर्नुहोस, सोको एकप्रति आफ्नोसा राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठेगेर सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचालमा सम्पर्क राख्नुहोला ।

Sansar International Services Pvt. Ltd.
Basundhara-3, Kathmandu, Nepal Tel : +977-1-4385490, Man bir Khatri 9849548340
श्रम ईजाजत नं. ८९८/०६७/०६८

युएइमा रोजगार कम्पनी : NIAGRA FIRE RESISTANT DOORS TRADING LLC OPC-RAK BRANCH

पूर्व स्वीकृति मिति : २०८३/०३/११ LT. No. 344058 चलानी नं. ६०२५७३५१

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	मासिक तलब AED	मासिक तलब ने.रू.	ओभर टाइम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्ताका काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Accountant	1	0	2500	१,०२,५८४	कानि अनुसार	८ घण्टा	६ दिन	कानि अनुसार	छ		२ वर्ष
2.	Carpenter	2	0	1500	६१,५५०							
3.	Nepali Light Driver	2	0	2500	१,०२,५८४							
4.	Sales Officer	2	0	1500	६१,५५०							
5.	stevedores	5	0	1200	४८,२४०							

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८३ असार २१ गते (5th July 2026) मा हुनेछ ।

रुजदेखा नरिने वि मेडिकल खर्च कटाउने गर्ने र कति गर्ने	रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने	रुजदेखा नरिने बिमा खर्च कटाउने व्यहोर्ने र कति लाग्ने	रोजगारका बिमा हुने/नहुने र कसले व्यहोर्ने	हवाई टिकट कसले दिने र कति लाग्ने	भिसा शुल्क कसले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (रसस्सफ)	कल्याणकारी कोष सम्बन्धि व्यवस्था	सेवा शुल्क	अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने	भिसा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने
कामदार आफैं	दिने	कामदार आफैंले	हुने : रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रु २१५ / - कामदारले तिर्ने	रु. १,५०० /- कामदार आफैंले	निःशुल्क	रु.७०० /- कामदार आफैंले	रोजगारदाता कम्पनीले

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आइनो नामका बिमा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम चुकाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आए काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु सायमा राख्नुहोला । आए कर्टिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कमैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आए जाने मुलुक, काम दिने कम्पनी, पाउने मेसा, सुविधा र अन्य शर्तबारे राम्रो पढ्न राम्रा सम्झौतामा हस्ताक्षर गर्नुहोस, सोको एकप्रति आफ्नोसा राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठेगेर सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचालमा सम्पर्क राख्नुहोला ।

LION RECRUITMENT SERVICES PVT.LTD
Sinamangal-9, Kathmandu, Nepal, Tel: +977-1-4534699, 984-0510091, 984-9384549
Email ID: lionrecruitment1770@gmail.com, Web: www.lion-recruitmentservices.com
Govt. License 1770/081/082

आजको राशिफल

ज्यो. गुरु अनन्त
अनन्त योग अल्केमी
स्वयम्भू, काठमाडौं, नेपाल
फोन : ९८४९२०३४५६

आइतबार, १४ असार, २०८३

मेष कामका नयाँ अवसर आउन सक्छ । आत्मविश्वास बढ्नेछ, तर हतारमा निर्णय नगर्नुहोस ।

वृष आर्थिक पक्षमा सुधारको संकेत छ । परिवारसँगको सम्बन्ध राम्रो रहनेछ ।

मिथुन नयाँ योजना बनाउन अनुकूल समय । यात्रा वा भेटघाटबाट फाइदा हुन सक्छ ।

कर्कट मनमा उत्साह रहनेछ । स्वास्थ्यमा ध्यान दिनु राम्रो ।

सिंह नेतृत्व गर्ने अवसर मिल्न सक्छ । खर्चमा नियन्त्रण गर्नुहोस ।

कन्या काममा प्रगति हुनेछ । पुराना समस्या समाधानतर्फ जानेछन३ ।

तुला सम्बन्ध र सहकार्यबाट लाभ मिल्नेछ । निर्णय सोचेर लिनुहोस ।

वृश्चिक मेहनतको परिणाम प्राप्त हुने दिन । नयाँ जिम्मेवारी आउन सक्छ ।

धनु ज्ञान र सीप बढाउने अवसर मिल्नेछ । सकारात्मक सोच राख्नुहोस ।

मकर आर्थिक योजना सफल हुन सक्छ । परिवारको सहयोग मिल्नेछ ।

कुम्भ सामाजिक सम्मान बढ्न सक्छ । नयाँ सम्पर्क उपयोगी बन्नेछ ।

मीन सिर्जनात्मक काममा सफलता मिल्नेछ । भावनामा बहेर निर्णय नगर्नुहोस ।

प्रहरी तथा एम्बुलेन्स

प्रहरी कन्ट्रोल क प्रहरी	१००
जिल्ला प्रहरी (काठमाडौं)	४२६१९४५/४२६१७९०
जिल्ला प्रहरी (ललितपुर)	५५२१२०७
जिल्ला प्रहरी भक्तपुर)	६६१४८२१
आर्कस्मिक प्रहरी सेवा	४२२६९९९
परोपकार एम्बुलेन्स सेवा	४२६०८५९
बिशालबजार एम्बुलेन्स सेवा	४२४४१२१
रेडक्रस एम्बुलेन्स सेवा	४२२८०९४
ललितपुर रेडक्रस एम्बुलेन्स सेवा	५५४५६६६
अग्रवाल सेवा केन्द्र	४४२४८७५
बाल हेल्पलाइन नेपाल	१०९८
वालवालिका खोजतलास समन्वय केन्द्र	१०४/४२२६००६

अस्पताल र विविध

दमकल	१०१
रक्तसञ्चार केन्द्र	४२२५३४४
नेपाल आँखा बैंक	४४९३६८४
नेपाल आँखा अस्पताल	४२५०६९१
मध्यपुर अस्पताल, भक्तपुर	०१-६६३१६५८
तिलगंगा आँखा अस्पताल	४४९३६८४
वीर अस्पताल	४२२१९८८
त्रिवि शिक्षण अस्पताल	४४१२७०७
प्रसूति गृह	४२५३२७६
टेकु अस्पताल	४२५३३९६
पाटन अस्पताल	५५२२२७८
भक्तपुर अस्पताल	६६१०६७६
मानसिक अस्पताल	५५२१३३३
कान्ति बाल अस्पताल	४४१४७९८/४४२७४५२
काठमाडौं मोडेल अस्पताल	४२४०८०५२६
बी एण्ड बी अस्पताल	५५३३२०६
मेडिकेयर नेसनल अस्पताल	४४६७०६७
मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स)	४४६७०६७
फ्रेन्डस अफ शान्ता भवन	४४७०१८१
नेपाल अर्थोपेडिक अस्पताल	४४९३७२५
काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल	४४७६१५२
नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी	४९११००८
कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज	४३७०१३६
कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने	४१११९५७/८५८
ओम हस्पिटल एण्ड रिसर्च सेन्टर	४४७६२२५
नर्भिक, थापाथली	४२५८५५४
सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र	४३७१३२२/४३७१३७४
लाइफ केयर अस्पताल	४२२७७३५
मितेरी अस्पताल	६६३१७३६२६६३४०१६
क्यापिटल हस्पिटल (प्रा.) लि.	४२४४०२२
श्री सत्यसाइ निःशुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं)	४४९८०३५
निःशुल्क होमियो दातव्य चिकित्सालयरशववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस	४२५५५४०/४२५५५४१ ६६१२२६६
एम्बुलेन्सररक्तसञ्चार सेवा नेसनल किडनी सेन्टर	४३६३४५२/४३६०८८९
मानसिक अस्पताल	४४८०१७०
ह्याम्स अस्पताल, बुद्धनगर	४७८४८४०/४७८५१५७
ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि.	४३५४५३७/४३८१९६२
गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट	४२५८५५२/४२५८५५१
मनमोहन मेमोरियल अस्पताल, लैनचौर	४४११६०५/४४२०८२३
भरोसा अस्पताल प्रा.लि., बानेश्वर	४४७४९६८/४४८९८९१

शववाहन र विविध

सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी	०१ ६९१२१४४
जनमैत्री हस्पिटल, बालाजु	४३६६३०१-०५
विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु	४३८३१५२/४३८०८४८
नेपाल चेम्बर अफ कमर्स	४२३०२१३
पशुपति आइघाट सेवा कन्द्र	४४९२९९९
देव कर्नर निःशुल्क शववाहन सेवा	४४३४०९३
नेपाल मिटर टचाक्सी संघ	४२२४३७४

नेपाल राष्ट्र बैंक

१४ असार, २०८३ (२८ जुन २०२६)

मुद्रा	एकाइ	खरिद दर	बिक्री दर
भारतीय रुपैयाँ	१०० को	१६०.००	१६०.१५
अमेरिकी डलर	१ को	१५०.७४	१५१.३४
युरो	१ को	१७१.९६	१७२.६४
पाउन्ड स्टिर्लङ	१ को	१९९.२८	२००.०७
स्विस फ्रैन्क	१ को	१८६.५२	१८७.२७
अस्ट्रेलियन डलर	१ को	१०४.०३	१०४.४४
क्यानाडियन डलर	१ को	१०६.२६	१०६.६९
सिङ्गापुर डलर	१ को	११६.५२	११६.९९
जापानी येन	१० को	९.३३	९.३६
चिनियाँ युआन	१ को	२२.१७	२२.२६
साउदी अरब रियाल	१ को	४०.१४	४०.३०
कतारी रियाल	१ को	४१.३९	४१.५६
थाई भाट	ख १ को	४.५२	४.५४
संयुक्त अरब इमिरेट दिराम	१ को	४१.०४	४१.२१
मलेसियन रिङेट	१ को	३६.८८	३७.०३
दक्षिण कोरियन वन	१०० को	९.८०	९.८४
स्विडिस क्रोनर	१ को	१५.५५	१५.६१
डेनिस क्रोनर	१ को	२३.००	२३.१०
हङकङ डलर	१ को	१९.२२	१९.३०
कुवेती दिनार	१ को	४८९.५७	४९१.५२
बहराइन दिनार	१ को	३९९.८४	४०१.४३

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरुले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्याबीधक विनिमय दर बैंकको वेभसाइट www .nrb .org .np मा उपलब्ध हुनेछ ।

झाँकी प्रदर्शन | लुम्बिनी प्रदेशको उद्योग, पर्यटन तथा यातायात मन्त्रालयअन्तर्गत पर्यटन विकास परिषद्, बुटवलको आयोजनामा शनिबार दाङको घोराही उपमहानगरपालिका-५ स्थित धार्मिक पर्यटकीयस्थल धारपानीमा आयोजित 'घुम्न जाऔं धारपानी' कार्यक्रमको उद्घाटन समारोहमा स्थानीय कला, संस्कृति र परम्परा झल्काउने झाँकी प्रदर्शन गरिँदै । *तस्विर: रासस*

वातावरणीय अपराध नियन्त्रणका लागि अन्तरदेशीय सहकार्यमा जोड

काठमाडौं– दक्षिण तथा दक्षिणपूर्वी एसियामा बढ्दो फोहोर तस्करी नियन्त्रणका लागि क्षेत्रीय सहकार्य सुदृढ गर्ने उद्देश्यले यहाँ दुईदिने क्षेत्रीय गोष्ठी सम्पन्न भएको छ । यहाँस्थित फ्रान्सेली दूतावास र नयाँदिल्लीस्थित फ्रान्सेली दूतावासअन्तर्गतको फ्रेञ्च होमल्याण्ड सेक्युरिटी सर्भिसले संयुक्तरूपमा आयोजना गरेको गोष्ठीका सहभागीले वातावरणीय अपराध नियन्त्रणका लागि अन्तरदेशीय सहकार्यमा जोड दिएका हुन् ।

फोहोर तस्करी नियन्त्रणका व्यावहारिक उपाय, अनुसन्धान अनुभव र असल अभ्यास आदानप्रदान गर्नुका साथै यो अपराधविरुद्ध अन्तरक्षेत्रीय सहकार्यलाई अझ प्रभावकारी बनाउने रणनीति तजुमा गर्न गोष्ठी आयोजना गरिएको हो । सन् २०२४ मा यहाँ आयोजित अवैध शिकार तथा वन्यजन्तु तस्करी नियन्त्रणसम्बन्धी क्षेत्रीय गोष्ठीको सफलतापछि वातावरणीय अपराधअन्तर्गत फोहोर तस्करी नियन्त्रणमा केन्द्रित दोस्रो संस्करण आयोजना गरिएको फ्रान्सेली दूतावासले जनाएको छ ।

गोष्ठीमा नेपालको भन्सार विभाग, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, वन तथा वातावरण मन्त्रालय र गृह मन्त्रालयका प्रतिनिधिका साथै फ्रान्सेली राष्ट्रिय जेण्डार्मेरीको वातावरण तथा सार्वजनिक स्वास्थ्य कानुन कार्यान्वयन निर्देशनालय, बंगलादेश, श्रीलंका, कम्बोडिया, भारत, इण्डोनेसिया, सिंगापुर र भियतनामका सुरक्षा तथा भन्सार अधिकारी सहभागी थिए । गोष्ठीमा अन्तर्राष्ट्रिय प्रहरी संगठन, संयुक्त राष्ट्रसंघीय लागुऔषध तथा अपराध कार्यालय र निजी क्षेत्रका प्रतिनिधिको पनि सहभागिता थियो ।

उद्घाटन समारोहमा नेपालस्थित फ्रान्सेली दूतावासकी कार्यवाहक प्रमुख एल्सा कालीले नेपाल र फ्रान्स दुवै वातावरणीय अपराध नियन्त्रण तथा कानुन कार्यान्वयन निकायसँगको सहकार्यप्रति प्रतिबद्ध रहेको बताइन् । फ्रान्सेली दूतावासले जारी गरेको विज्ञप्तिअनुसार नयाँदिल्लीस्थित फ्रान्सेली दूतावासकी गृहसुरक्षा सहचारी क्रिस्टेल फोन्तेनले वातावरणीय अपराध विश्वकै चौथो सबैभन्दा बढी आम्दानी हुने आपराधिक गतिविधिका रूपमा विकसित भएको उल्लेख गर्दै यसबाट वार्षिक ७० अर्बदेखि २१३ अर्ब अमेरिकी डलरसम्मको अवैध कारोबार हुने अनुमान रहेको बताइन् ।

फ्रान्सेली राष्ट्रिय जेण्डार्मेरीअन्तर्गत सिइएसएनका कर्णेल सेबास्टियन नोशेजले वातावरणीय अपराध नियन्त्रणमा फ्रान्सले रोकथामदेखि आपराधिक अनुसन्धानसम्म एकीकृत र समन्वित प्रणाली अवलम्बन गरेको जानकारी दिए । उनले सन् २०२३-०२४ मा युरोप, एसिया र अफ्रिकाका साझेदारसँग सञ्चालन गरिएको 'एकीकृत' कार्यक्रमले दक्षिण तथा दक्षिणपूर्वी एसियामा फोहोर तस्करी नियन्त्रणमा उल्लेखनीय उपलब्धि हासिल गरे पनि अब अझ प्रभावकारी कदम आवश्यक रहेको बताए ।

संयुक्त राष्ट्रसंघीय लागुऔषध तथा अपराध नियन्त्रण कार्यालयकी मुएन्दाओ सुआन्दीले 'वेस्टनेट' परियोजनाबारे जानकारी दिँदै फोहोर तस्करीमा संलग्न ढुवानी सञ्जाल र आर्थिक कारोबार पत्ता लगाउन निकायबीचको सहकार्य तथा कानुनी सहयोगलाई थप तीव्र बनाउनुपर्ने आवश्यकता औंल्याइन् ।

अन्तर्राष्ट्रिय प्रहरी संगठनका वातावरणीय सुरक्षा उपनिर्देशनालयका सञ्चालन संयोजक मिचेले भियालेले फोहोर तस्करीले वातावरण र मानव स्वास्थ्यमा गम्भीर असर पार्दै आपराधिक समूहलाई आर्थिक लाभ पुऱ्याइरहेको बताए । उनले यसको नियन्त्रणका लागि विश्वव्यापी समन्वयात्मक प्रयास आवश्यक रहेको बताए ।

गोष्ठीमा प्रस्तुत अध्ययनअनुसार हिन्द महासागर क्षेत्रमा रहेको श्रीलंकाले बन्दरगाहमार्फत हुने फोहोर तस्करीको उच्च दबाब सामना गरिरहेको छ भने बंगलादेशले जहाज 'रिसाइक्लिङ' उद्योगको प्रमुख केन्द्रका रूपमा समुद्री वातावरणीय सुरक्षामा महत्त्वपूर्ण भूमिका निर्वाह गरिरहेको विषयमा सम्बन्धित देशका प्रतिनिधिले जानकारी गराएका थिए ।

गोष्ठीको समापन काठमाडौंस्थित 'मोवेयर ल्याब'को अवलोकनबाट गरिएको थियो । सगरमाथा राष्ट्रिय निकुञ्जबाट संकलित प्लास्टिक र सिसाजन्य फोहोरलाई कलात्मक तथा घरायसी सामग्रीमा रूपान्तरण गर्ने उक्त नेपाली सामाजिक उद्यमको कार्यप्रणाली सहभागीलाई अवलोकन गराइएको थियो । *रासस*

समस्याग्रस्त सहकारी गाभ्ने प्रक्रियामा कडाइ गर्दै कामपा

काठमाडौं (प्रस)– काठमाडौं महानगरपालिकाले समस्याग्रस्त सहकारीहरू एकआपसमा गाभ्नका लागि सर्तहरू अगाडि बढाएको छ । कामपा क्षेत्राधिकार भई सञ्चालनमा रहेका सहकारी संस्थाले सहकारी ऐन २०७४ को दफा ६६ बमोजिम सहकारी संस्था विघटन र दर्ता खारेजी गर्ने सम्बन्धमा सम्बन्धित संस्थाको विभिन्न सर्तहरू अघि सारेको छ ।

सहकारी विभागका प्रमुख धुव्रकुमार काफ्लेका अनुसार लगातार दुई वर्षसम्म कुनै कारोबार नगरी निस्क्रिय रहेको अवस्था भएमा र साधारणसभाको तत्काल कायम रहेका दुईतिहाइ बहुमत सदस्यको निर्णयबाट संस्थाको निर्णय गरी दर्ता खारेजीको स्वीकृतका लागि इच्छुक संस्थाले प्रक्रिया अघि बढाउन सक्ने छ ।

त्यसका लागि कामपाले सम्बन्धित संस्थाको लेटर प्याडमा सहकारीको विघटन दर्ता खारेजीसम्बन्धी निवेदन, वडा कार्यलयबाट व्यवसाय कर तथा वहाल कर चुक्ताको प्रमाणपत्र, साधारणसभाबाट दुईतिहाइ सदस्यले सहकारी विघटन/दर्ता खारेजीको निर्णयको प्रमाणित प्रतिलिपी, सेयर सदस्यको विवरण, ऋणीको विवरण, बचतकर्ताको विवरण, हालसम्मको सञ्चालक समितिको तीनपुस्ते विवरण र ऋण लगानीबाहेकका अन्य चल अचल सम्पत्तिको विवरण विभागका प्राप्त भएमामात्र कानुनीरूपमा प्रक्रिया अघि बढाइने प्रमुख काफ्लेले जानकारी दिए ।

पछिल्लो समय कामपा सहकारी विभागमा पाँच अर्ब २७ करोड रूपैयाँ बचत रकम फिर्ताका निम्ति आवश्यक प्रयास गरिदिन छ हजार बचतकर्ताले आवेदन पनि परेको बताइएको छ । विभागका अनुसार आगामी एक महिनाभित्र पाँच लाख रूपैयाँसम्म बचत गर्नेहरूको रकम फिर्ता गर्ने योजना रहेको छ । साथै, ठूला बचतकर्ताका हकमा ऋण असुली प्रक्रिया अघि बढाउँदै बचत फिर्ता गर्न समन्वय भइरहेको पनि प्रमुख काफ्लेले जानकारी दिए । सहकारी विभागले उजुरी दर्ता, सञ्चालक र बचतकर्ताबीच छलफल तथा मिलापत्र गराउने कार्य गर्दै आएको छ ।

सहमति हुन नसकेमा आवश्यक कारबाहीका लागि सिफारिस गरिने विभागले जनाएको छ । हाल कामपामा एक हजार ९१२ सहकारी रहेका छन् । ५० प्रतिशत सहकारीलेमात्रै नियमितरूपमा वार्षिक साधारणसभा गरेको प्रतिवेदन पेस गर्ने गरेका छन् । दर्ता भएका तर नियमितरूपमा साधारणसभा नगर्ने सहकारीलाई कामपाले कानुनी कारबाही प्रक्रिया अघि बढाउने भएको छ ।

दिगो वन व्यवस्थापन र रेडप्लससम्बन्धी कार्यशाला

■ प्रभाव संवाददाता

बारा– दिगो वन व्यवस्थापन, रेड, वन अधिकार तथा प्राकृतिक स्रोत शासनसम्बन्धी दुईदिने क्षेत्रीय कार्यशाला सम्पन्न भएको छ । आदिवासी जनजाति पत्रकारहरूको क्षमता अभिवृद्धि गर्ने उद्देश्यले सिमरामा आयोजित कार्यक्रम शनिबार सम्पन्न भएको हो ।

नेपाल ग्रामीण पुनर्निर्माण संस्था (आरआरएन) द्वारा सञ्चालित डेडिकेटेड ग्राण्ट मेकानिजम (डिजिएम) नेपाल परियोजनाअन्तर्गत नेपाल आदिवासी जनजाति पत्रकार महासंघ (फोनिज) को सहकार्यमा कार्यक्रम आयोजना गरिएको हो ।

कार्यशालामा मधेस र लुम्बिनी प्रदेशका आदिवासी जनजाति पत्रकारहरूको सहभागिता रहेको थियो । कार्यशालाले वन, जलवायु परिवर्तन तथा प्राकृतिक स्रोत व्यवस्थापनसँग सम्बन्धित नीतिगत विषयवस्तुलाई सरल, तथ्यपरक र समुदायमैत्री ढंगले सञ्चार गर्न पत्रकारहरूको क्षमता विकास गर्ने लक्ष्य लिएको जानकारी दिइएको छ ।

कार्यक्रममा कार्बन उत्सर्जन न्यूनीकरण कार्यक्रम, दिगो वन व्यवस्थापन, वन शासन, जलवायु परिवर्तन, वन उपयोग, आदिवासी जनजाति तथा स्थानीय समुदायको भूमिका, लाभ बाँडफाँड योजना, लाभग्राही छनोटका मापदण्ड, वन अधिकार तथा समुदायको सहभागिताका विषयमा विस्तृत छलफल भएको थियो ।

डिजिएम नेपालकी कार्यक्रम प्रमुख साधना सावाँ लिम्बूले सम्मेलनको उद्देश्यबारे प्रकाश पार्दै आदिवासी सञ्चार केवल सूचना प्रवाहको माध्यममात्र नभई संवेदनशीलता, सशक्तीकरण र संरचनात्मक आवाजको समिश्रण भएको बताइन् । जलवायु परिवर्तनको प्रत्यक्ष प्रभाव भोगिरहेका आदिवासी जनजाति तथा स्थानीय समुदायका अनुभव, ज्ञान र आवाजलाई राष्ट्रिय नीति तथा सञ्चारको मूलधारमा स्थापित गर्न सञ्चारकर्मीको भूमिका अत्यन्त महत्त्वपूर्ण रहेको उनले उल्लेख गरिन् । डिजिएम नेपाल परियोजनाले परिधिमा रहेका समुदायका आवाजलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तहसम्म पुऱ्याउने साझा अभियानको महत्त्वपूर्ण सुरुआतका रूपमा यस कार्यक्रमलाई लिएको उनले बताइन् ।

आरआरएनका कार्यकारी निर्देशक नेत्र तिम्सिनाले रेड कार्यक्रमलगायतका वन तथा जलवायुसम्बन्धी कार्यक्रमबारे समुदायमा सही सूचना पुऱ्याउन मातृभाषामा पत्रकारिता गरिरहेका आदिवासी सञ्चारकर्मीहरूको भूमिका अत्यन्त महत्त्वपूर्ण रहेको बताए । उनले स्थानीय समुदायमा तथ्यमा आधारित समाचार, विश्लेषण र जनचेतनामूलक सामग्री उत्पादनमार्फत वन संरक्षण, जलवायु न्याय र समुदायका अधिकारलाई सशक्त रूपमा स्थापित गर्न यस्ता क्षमता अभिवृद्धि कार्यक्रम आवश्यक रहेको धारणा राखे ।

कार्यशालामा कृषि, वन तथा वातावरण मन्त्रालयअन्तर्गतको रेड कार्यान्वयन केन्द्रका प्रमुख एवं सहसचिव नवराज पुडासैनीले नेपालमा कार्यान्वयन भइरहेको रेड कार्यक्रम, नीतिगत व्यवस्था तथा लाभ बाँडफाँड प्रणालीबारे प्रस्तुतीकरण राखेका थिए । रेड कार्यक्रम तथा वन व्यवस्थापनविज्ञ रूपेश कालाखेती, पत्रकारद्वय खिम घले र उजिर मगरलगायतले कार्यक्रममा प्रशिक्षण दिएका थिए ।

प्रशिक्षणका क्रममा सहभागी पत्रकार हरूलाई जलवायु न्याय, दिगो वन व्यवस्थापन, वन शासन, अनुसन्धानमूलक पत्रकारिता, तथ्यांकमा आधारित समाचार लेखन, फिचर लेखन, आदिवासी सन्दर्भमा नैतिक रिपोर्टिङ, नीतिगत वकालतमा सञ्चारको प्रभावकारी प्रयोग तथा आदिवासी सञ्चारकर्मीहरूले भोगिरहेका संस्थागत, भाषिक, जातीय, लैंगिक र पेसागत चुनौतीलगायत विषयमा विस्तृत अभिमुखीकरण गरिएको आयोजकले जानकारी दिएको छ ।

नेपाली स्रस्टाका स्वर लाइब्रेरी अफ कंग्रेसको स्थायी अभिलेखमा

काठमाडौं– नेपाली, नेपालभाषा र मैथिली भाषाका एक दर्जनभन्दा बढी नेपाली स्रस्टाले आफ्नै स्वरमा वाचन गरेका रचनाका अंश लाइब्रेरी अफ कंग्रेसको स्थायी डिजिटल अभिलेखमा समावेश भएका छन् । यससँगै यो ध्वनि अभिलेख विश्वभरका पाठक, अध्येता र अनुसन्धानकर्ताका लागि खुला भएका छन् ।

दक्षिण एसियाली साहित्यिक ध्वनि अभिलेख परियोजनाअन्तर्गत ती ध्वनि सामग्री हालै नयाँ डिजिटल स्वरूपमा सार्वजनिक गरिएको हो । एक वर्ष लामो पुनर्संरचना तथा अनलाइन प्रस्तुतीकरण परियोजनापछि लाइब्रेरी अफ कंग्रेसले ती अभिलेखलाई विश्वव्यापी अध्ययन र अनुसन्धानका लागि सहज पहुँचमा ल्याएको जनाएको छ ।

लाइब्रेरी अफ कंग्रेसले यसअघि सन् २००४ मा माधव घिमिरे, मोहन कोइराला, मदनमणि दीक्षित, ध्रुवचन्द्र गौतम, बानीरा गिरि, भुवन ढुंगाना र दिनेश अधिकारीका आफ्नै स्वरमा वाचन गरिएका रचनाहरू संकलन गरेको थियो । पछिल्लो परियोजनाले त्यस परम्परालाई विस्तार गर्दै समकालीन नेपाली, नेपालभाषा र मैथिली साहित्यका स्रस्टाका स्वरलाई पनि अन्तर्राष्ट्रिय साहित्यिक अभिलेखमा समेटेको हो ।

नयाँ संग्रहमा अभि सुवेदी, अशेष मल्ल, कालीप्रसाद रिजाल, कृसु क्षेत्री, नारायण ढकाल, प्रतिसरा सायमी, भुवनहरि सिग्देल, मनु मञ्जिल, माया ठकुरी, मोमिला, राजेन्द्र विमल, शारदा शर्मा, श्रवण मुकारुङ, सरुभक्त, धीरेन्द्र प्रेमर्षी र ज्ञानुवाकर पौडेललगायतका स्रस्टाले आफ्नै स्वरमा वाचन गरेका रचनाका अंश समावेश छन् ।

साहित्यकार कृसु क्षेत्रीका अनुसार यी ध्वनि अभिलेखले सिर्जनालाई मात्र नभई स्रस्टाको उच्चारण, लय, भावप्रवाह र भाषिक संस्कृतिलाई समेत भावी पुस्ताका लागि सुरक्षित गरेका छन् ।

बंगलादेश, भारत, नेपाल, पाकिस्तान र श्रीलंकाका २० भाषामा सिर्जना गर्ने १०० भन्दा बढी प्रतिष्ठित लेखकको सहभागिता रहेको एसएएलआरपी दक्षिण एसियाली साहित्यिक ध्वनि सम्पदाको एक महत्त्वपूर्ण परियोजना हो । उपन्यास, कथा, नाटक, कविता र निबन्धलगायत विविध विधाका रचनालाई समेट्ने यस संग्रहले क्षेत्र, भाषा, शैली र विषयवस्तुको विविधतालाई एउटै अभिलेखमा समेटेको छ ।

सन् २००२ मा सुरु भएको एसएएलआरपीअन्तर्गत ध्वनि अभिलेखसँगै लेखकका तस्विर र सक्षिप्त जीवनी पनि उपलब्ध छन् । यी सामग्रीहरू 'साउथ एसियन डिजिटल कलेक्सन' मार्फत विश्वव्यापी अध्ययन र अनुसन्धानका लागि खुला गरिएको छ ।

साहित्यकार क्षेत्रीले यस नयाँ डिजिटल प्रस्तुतीकरणले नेपाली, नेपालभाषा र मैथिली साहित्यका सशक्त स्वरलाई अन्तर्राष्ट्रिय साहित्यिक समुदायसँग जोड्ने महत्त्वपूर्ण सेतु निर्माण गरेको बताए । उनका अनुसार एसएएलआरपी ध्वनि अभिलेखको संग्रहमात्र नभई २० औं र २१औं शताब्दीको दक्षिण एसियाली साहित्यिक चेतना, सांस्कृतिक स्मृति र सिर्जनात्मक उत्तराधिकारलाई संरक्षण गर्ने महत्त्वपूर्ण दस्तावेजका रूपमा स्थापित भएको छ । *रासस*

युएइमा रोजगार | कम्पनी : EMIRATES INTERNATIONAL PROJECTES FOR GENERAL CONTRACTING

पूर्व स्वीकृति मिति : २०८२/१०/०९ | पुनः विज्ञापन स्वीकृति मिति : २०८३/०३/१२ | LT. No. 337636 | चलानी नं. ६०२५७३९७

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	मासिक तलब AED	मासिक तलब ने.रु.	ओभर टाइम सुविधा	प्रतिदिन काम अवधि घण्टा	हप्ताका काम अवधि दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Construction Labouers	69	0	1500	६१,३४५	अ.नि. अनुसार	८ घण्टा	६ दिन	अ.नि. अनुसार	छ		२ वर्ष
2.	Data Entry	3	0	1500	६१,३४५							
3.	Electrician.	1	0	1500	६१,३४५							
4.	LIGHT VEHICAL DRIVER	10	0	2000	८१,९८३							

अन्तरवार्ता हुने स्थान: धनुषा, जनकपुर उपमहानगरपालिका, मल्फ ट्रेनिङ सेन्टर/मधेस प्राविधिक संस्थान तालिम केन्द्रमा मिति: २०८३ असार २१ गते (5th July 2026) मा हुनेछ ।
धनुषा, जनकपुर उपमहानगरपालिका, पिट ट्रेनिङ सेन्टर/निजन एण्ड ब्याल्यु ट्रेनिङ सेन्टरमा मिति: २०८३ असार २२ गते (6th July 2026) मा हुनेछ ।

रुपदेखा भरिने फि मेडिकल खर्च कामले व्यहोर्ने कामदार आफै	रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने	रुपदेखा भरिने बिमा खर्च कामले व्यहोर्ने र कति लाग्ने	रोजगारका बिमा शुल्क/भाडुवा र कामले व्यहोर्ने	हवाई टिकट कामले दिने र कति लाग्ने	भिसा शुल्क कामले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष कामले दिने र कति लाग्ने (रासस्पष्ट)	कल्याणकारी कोष सम्बन्धि व्यवस्था	सेवा शुल्क	अभिमुखीकरण शुल्क कति लाग्ने र कामले व्यहोर्ने	भिसा दर्शाएपछि शुल्क कामले व्यहोर्ने
कामदार आफै	दिने	कामदार आफैले	हुने : रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रु.२५९५/- कामदारले	रु. ९,६००/- कामदार आफैले	निःशुल्क	रु.७००/- कामदार आफैले	रोजगारदाता कम्पनीले

वैदेशिक रोजगार विभागबाट गरइएको जानकारी: १) आफूलाे नामका बिमा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । २) आफू काम गर्न जाने मुलुकका श्रोको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु सायमा राख्नुहोला । आफू कहिलाइमा परी सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा वढि रकम कमैलाई नलिइनुहोला । ४) विदेश जानुअघि अभिमुखीकरण मा इन्डक्सन तालिम अनिवार्य लिइनुपर्छ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने पेसा, सुविधा र अन्य शर्तहरु राम्रो पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोधी एजेन्टि आफूसग राख्नुहोला । ६) कामका विषेश जाँच नेपालकै एक्रेडेट प्रयोग गर्नुहोला अन्यथा ठ्रॉग भेम्सबाबाट हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा वप वेशी बुझाए पॅसा वैदेशिक रोजगार विभाग ताहरापालमा सम्पर्क राख्नुहोला ।

CHANDRA KAMANA MANPOWER PVT.LTD. (A.D. CAREERS PVT.LTD.)
Govt. License No. 1405/074/75
Ratopul, Gauhala, Kathmandu, Nepal, Contact: +977-01-4542876, 4538339, 813013135/ 9851083561/9802358807/9802358802, Bhupendra Lal Karna : +9779802358805
E-mail : chandrakamna05@gmail.com, Web: www.chandrakamanamanpower.com

कुवेतमा रोजगार | कम्पनी : KAYA CO. LADIES BEAUTY SALON COMPANY

पूर्व स्वीकृति मिति : २०८३/०३/१२ | LT. No. 344093 | चलानी नं. ६०२५७३८६

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	मासिक तलब KD	मासिक तलब ने.रु.	ओभर टाइम सुविधा	प्रतिदिन काम अवधि घण्टा	हप्ताका काम अवधि दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Hair Dresser	0	3	150	७२,७४६	अ.नि. अनुसार	१२घण्टा	६ दिन	अ.नि. अनुसार	छ		२ वर्ष
2.	Makeup Artist	0	3	150	७२,७४६							
3.	Manicurist/pedicurist	0	3	150	७२,७४६							

कम्पनी : HAIR AVENUS LADIES BEAUTY SALON COMPANY

पूर्व स्वीकृति मिति : २०८३/०३/१२ | LT. No. 344094 | चलानी नं. ६०२५७३९५

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	मासिक तलब KD	मासिक तलब ने.रु.	ओभर टाइम सुविधा	प्रतिदिन काम अवधि घण्टा	हप्ताका काम अवधि दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Cleaner I	0	2	120	५८,५९७	अ.नि. अनुसार	८ घण्टा	६ दिन	अ.नि. अनुसार	छ		२ वर्ष
2.	Hair Dress/hair Stylist	0	3	150	७२,७४६							
3.	Manicure/pedicure	0	2	150	७२,७४६							
4.	Nail Technicial(Manicurist/pedicurist)	0	3	150	७२,७४६							

कम्पनी : CGK FACTORY FOR PRODUCTION OF REFRIGERATED CONTAINERS

पूर्व स्वीकृति मिति : २०८३/०३/१२ | LT. No. 344095 | चलानी नं. ६०२५७३९४

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	मासिक तलब KD	मासिक तलब ने.रु.	ओभर टाइम सुविधा	प्रतिदिन काम अवधि घण्टा	हप्ताका काम अवधि दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Assistanat Ac Technician	12	0	140	६७,८९६	अ.नि. अनुसार	८ घण्टा	६ दिन	अ.नि. अनुसार	छ		२ वर्ष

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ असार २१ गते (5th July 2026) मा हुनेछ ।

रुपदेखा भरिने फि मेडिकल खर्च कामले व्यहोर्ने कामदार आफै	रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने	रुपदेखा भरिने बिमा खर्च कामले व्यहोर्ने र कति लाग्ने	रोजगारका बिमा शुल्क/भाडुवा र कामले व्यहोर्ने	हवाई टिकट कामले दिने र कति लाग्ने	भिसा शुल्क कामले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष कामले दिने र कति लाग्ने (रासस्पष्ट)	कल्याणकारी कोष सम्बन्धि व्यवस्था	सेवा शुल्क	अभिमुखीकरण शुल्क कति लाग्ने र कामले व्यहोर्ने	भिसा दर्शाएपछि शुल्क कामले व्यहोर्ने
कामदार आफै	दिने	कामदार आफैले	हुने : रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रु.२५९५/- कामदारले	रु. ९,६००/- कामदार आफैले	३०,०००/-	रु.७००/- कामदार आफैले	रोजगारदाता कम्पनीले

वैदेशिक रोजगार विभागबाट गरइएको जानकारी: १) आफूलाे नामका बिमा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । २) आफू काम गर्न जाने मुलुकका श्रोको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु सायमा राख्नुहोला । आफू कहिलाइमा परी सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा वढि रकम कमैलाई नलिइनुहोला । ४) विदेश जानुअघि अभिमुखीकरण मा इन्डक्सन तालिम अनिवार्य लिइनुपर्छ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने पेसा, सुविधा र अन्य शर्तहरु राम्रो पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोधी एजेन्टि आफूसग राख्नुहोला । ६) कामका विषेश जाँच नेपालकै एक्रेडेट प्रयोग गर्नुहोला अन्यथा ठ्रॉग भेम्सबाबाट हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा वप वेशी बुझाए पॅसा वैदेशिक रोजगार विभाग ताहरापालमा सम्पर्क राख्नुहोला ।

Omega International Pvt. Ltd.
Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337, E-mail : info@omeganepal.com, Website : www.omeganepal.com
Govt. License No. 1352/074/075

प्रभाव दैनिक
National Daily

सम्पादकीय

नेपाली फुटबलको संकट

चरम बेथिति र राजनीतिकरणको दलदलमा फसेको नेपाली फुटबल यतिबेला गम्भीर मोडमा उभिएको छ। विश्वभर विश्वकप फुटबल प्रतियोगिता २०२६ को उत्साह र रौनक छाइरहँदा नेपाली फुटबल क्षेत्रमा भने चरम निराशा र अन्धकार छाएको छ। विश्व फुटबलको सर्वोच्च निकाय (फिफा) ले अखिल नेपाल फुटबल संघ (एन्फा) लाई निलम्बन गरेसँगै नेपाली फुटबलमा अन्धकार छाएको हो । युवाहरूको अपार क्रेज, लाखौं समर्थकहरूको आस्था र खेलाडीहरूको भविष्य बोकेको खेल क्षेत्र यसरी केही पदाधिकारीको गैरजिम्मेवारीपन र आन्तरिक कलहको बन्धक बन्नु राष्ट्रिय लज्जाको विषय हो।

फिफाको विधानअनुसार राष्ट्रिय फुटबल संघहरू स्वतन्त्र र स्वायत्त हुनुपर्छ, जहाँ कुनै पनि प्रकारको सरकारी वा बाह्य निकायको हस्तक्षेप स्वीकार्य हुँदैन । तर, एन्फाभित्रको वर्तमान कार्यसमितिले विधानविपरीत जिल्ला र प्रदेशको निर्वाचन नै नगरी केन्द्रीय निर्वाचन गर्ने जुन बलमिच्याइँ गऱ्यो, त्यसले विवादलाई अदालत र राष्ट्रिय खेलकुद परिषद् (राखेप) सम्म पुऱ्यायो। आफ्नै आन्तरिक कमजोरीका कारण सरकारी र कानुनी निकायलाई हस्तक्षेप गर्ने बाटो खोलिदिनु एन्फा नेतृत्वको अक्षम्य भूल हो। फिफा विश्वकप हेर्न हिँडेका एन्फा अध्यक्ष र महासचिवलाई विमानस्थलबाटै फर्काइनु र राखेपसँगको निरन्तरको द्वन्द्वले एन्फा नेतृत्व फुटबलको विकासमा भन्दा व्यक्तिगत प्रतिष्ठा र शक्ति जोगाउनमात्र केन्द्रित रहेको स्पष्ट पार्छ।

यो निलम्बन केवल प्राविधिक कारबाहीमात्र होइन, यसले नेपाली फुटबलको मेरुदण्ड नै भाँचेको छ । निलम्बन कायम रहुञ्जेल हाम्रा खेलाडी र क्लबहरूले अन्तर्राष्ट्रिय प्रतियोगिता खेल्न पाउने छैनन् । फिफा तथा एएफसीबाट प्राप्त हुने करोडौंको विकास बजेट, तालिम र प्रशिक्षण रोकिने छन् । यसको प्रत्यक्ष मार ती खेलाडीहरूमा पर्ने छ, जसले आफ्नो सम्पूर्ण जीवन फुटबल मैदानमा सुम्पिएका छन्। केही व्यक्तिको महत्त्वाकांक्षा र अदूरदर्शिताका कारण सिंगो देशले यो मूल्य चुकाउनुपर्ने अवस्था अत्यन्त दुःखद र खेदजनक छ।

अब सरकार र सरोकारवाला निकाय मूकदर्शक बनेर बस्ने समय होइन । सर्वप्रथम, नेपाली फुटबलमा यो हदसम्मको बेथिति, गुटबन्दी र आर्थिक-प्रशासनिक अराजकता सिर्जना गर्ने दोषीहरूमाथि कडा कानुनी र विभागीय कारबाही गरिनुपर्छ । खेललाई आफ्नो दुनो सोझ्याउने माध्यम बनाउनेहरूलाई खेल क्षेत्रबाटै बहिस्कृत गरिनुपर्छ। दोस्रो र सबैभन्दा महत्त्वपूर्ण कदम भनेको तत्काल निलम्बन फुकुवाको वातावरण बनाउनु हो। नेपाल सरकार र राखेपले फिफाको स्वायत्ततासम्बन्धी चासोलाई सम्मान गर्दै कूटनीतिक र कानुनीरूपमा फिफासँग तत्काल उच्चस्तरीय समन्वय र संवाद अगाडि बढाउनुपर्छ। तेस्रो पक्षको हस्तक्षेप अन्त्य गर्ने र फिफाकै मापदण्डअनुसार स्वच्छ तथा पारदर्शी निर्वाचन गराउने ठोस प्रतिबद्धतासहित नेपालले आफ्नो बलियो दृष्टिकोण प्रस्तुत गर्नुपर्छ।

नेपाली फुटबललाई यो दलदलबाट निकाल्न ढिला भइसकेको छ। सरकारले समन्वयकारी भूमिका खेल्दै एन्फाको संरचनागत शुद्धीकरण र पुनर्संरचनाका लागि कडा कदम चाल्नैपर्छ । खेलाडीहरूको भविष्य र खेलप्रेमीको भावनामाथि खेलबाड गर्ने छुट अब कसैलाई हुनुहुँदैन । तत्काल संवाद, तत्काल सुधार र दीर्घकालीन विकास नै नेपाली फुटबललाई नयाँ जीवन दिने एकमात्र विकल्प हो।

श्रम सरोकार

वैदेशिक रोजगारीका क्रममा समस्यामा परे के गर्ने ?

वैदेशिक रोजगारीका क्रममा विभिन्न समस्या आइपर्न सक्छन् । त्यसैले त्यस्ता सम्भावित समस्याप्रति पहिले नै सतर्क रहनुपर्छ । कुन समस्या आउँदा कहाँ सम्पर्क गर्ने भन्नेबारे पूर्वतयारीका साथ रहनुपर्छ । रोजगारदाता वा कार्यस्थलमा कुनै पनि कुरामा चित्त नबुझेमा नेपाली दूतावासमा गई उजुरी गर्नुपर्छ। तपाईंले त्यहाँको श्रम मन्त्रालयको कानुन उल्लंघन शाखामा पनि उजुरी गर्न सक्नुहुन्छ। उजुरी दर्ता गर्न कुनै शुल्क तिर्नुपर्दैन। उजुरीका लागि तपाईंसँग राहदानी तथा करारनामाको प्रतिलिपि हुनु आवश्यक हुन्छ। उजुरी दर्ता भएपछि त्यो आधिकारिक हुन्छ। समस्या समाधान नभएसम्म तपाईंलाई उनीहरूले देशनिकाला गर्न मिल्दैन। यद्यपि, राजदूतावासले खटाएको वकिललाई आफ्नो वारेसनामा दिई स्वेच्छाले त्यो देश छोड्न सक्नुहुन्छ । तपाईंलाई थाहा नदिई रोजगारदाताले तपाईंको प्रवेशाज्ञा रद्द गराएको अवस्थामा पनि यस्तै वारिसनामा दिई त्यो देश छाड्न सक्नुहुन्छ।

नेपालमा भएका सहयोगी संस्थाहरूको टेलिफोन नम्बर साथमा राख्नुहोस् । नेपाली दूतावास वा त्यहाँको श्रम मन्त्रालयसम्म तपाईं जान सक्नुहुन्न भने तपाईंका लागि यस्ता संस्थाहरूले उजुरी दर्ता गराई सहयोग गर्न सक्छन् । यसका लागि तपाईंको पूरा नाम, राहदानीको प्रतिलिपि वा नम्बर, तपाईं बस्ने ठाउँको ठेगाना, मोबाइल नम्बर, काम गर्ने कम्पनीको नाम, उजुरीको छोटो विवरण र दूतावासबाट कस्तो सहयोग खोज्नुभएको हो भन्नेबारे सहयोगी समूह वा संस्थालाई जानकारी गराउनुहोस् ।

उजुरी गर्ने कामदारलाई कुनै-कुनै रोजगारदाताले देशनिकाला गराउन खोज्छन् । तपाईंको इच्छाविना तपाईंलाई देशनिकाला गराउन खोजेको कुरा अनुगमन गर्ने अधिकारीलाई भन्नुहोस् । उनीहरूले सहयोगका लागि नेपाली दूतावासमा सम्पर्क गर्ने छन् । खाडी मुलुकबाट बाहिरिन सुरुमा करारनामा गरेको रोजगारदाताको अनुमति चाहिन्छ । मालिक, प्रायोजक वा रोजगारदाताले कामदारले देश छोड्दा कुनै आपत्ति छैन भन्ने पत्रमा हस्ताक्षर गर्नुपर्छ । कुनै अपराध गर्नुभएको छैन भने करार अवधि पूरा भएपछि तपाईंलाई घर फर्किने अधिकार छ। रोजगारदाताले फर्कन दिँदैन भने नेपाली राजदूतावासमा उजुरी दिनुहोस् ।

नेपालमा बालअधिकार र बालश्रमको धरातल

❑ गम्भीरबहादुर हाडा

> “ बालबालिका कुनै पनि देशको वर्तमानका हिस्सेदार र भविष्यका जग हुन् । नेपालमा विद्यमान बालबालिकाको समस्यालाई सम्बोधन नगरेसम्म 'समृद्ध नेपाल' को परिकल्पना केवल कागजमा मात्र सीमित रहने छ । बालअधिकारको रक्षा गर्नु दया वा मायाको विषय नभएर राज्यको अनिवार्य दायित्व र बालबालिकाको नैसर्गिक अधिकार हो । विद्यमान कानुनहरूको कठोर कार्यान्वयन, सरकारी निकायहरूको जवाफदेहिता र विपन्न परिवारलाई आर्थिक रूपमा सबल बनाउने नीतिहरू प्राथमिकताका साथ लागू गरिएमा मात्र नेपाललाई बालश्रममुक्त र बालमैत्री राष्ट्रको रूपमा विश्वसामु चिनाउन सकिने छ ।

विश्वका अन्य विकासोन्मुख तथा अल्पविकसित देशहरूमा जस्तै नेपालमा पनि बालश्रम एउटा गम्भीर र जटिल सामाजिक-आर्थिक समस्याको रूपमा जरो गाडेर बसेको छ। बालबालिका देशका कर्णधार र भोलिका जनशक्ति हुन् भनिएता पनि नेपालको वर्तमान धरातलमा लाखौं बालबालिकाहरू आफ्नो सुनौलो भविष्य निर्माण गर्ने उमेरमा श्रमबजारमा पिसिन बाध्य छन् । हालको अनुमानित तथ्यांकलाई हेर्ने हो भने नेपालमा विभिन्न क्षेत्रमा (घरभित्र र घरबाहिर) आयआर्जनका लागि वा जीवन धान्नका लागि श्रम गरिरहेका बालबालिकाहरूको संख्या करिब २० लाख रहेको छ। यो संख्या नेपालको समग्र बालबालिकाको जनसंख्याको एक ठूलो हिस्सा हो । यी २० लाख बालबालिकाहरूमध्ये पनि झण्डै १२ लाख बालबालिकाहरू त निकृष्ट, निकै जोखिमपूर्ण र अमानवीय बालश्रम शोषणको चपेटामा पिल्सिएका छन् । अन्तर र्राष्ट्रिय श्रम संगठनको एक अध्ययनअनुसार नेपालमामात्रै करिब ४० हजार बालबालिका भरियाको रूपमा भारी बोक्न विवश छन् । त्यसैगरी, सडकलाई नै आफ्नो घर र संसार बनाएर बाँच्ने सडक बालबालिकाको संख्या सरकारी अध्ययनले चार हजार देखाएता पनि बालबालिकाको क्षेत्रमा कार्यरत संस्था 'सिविन' को तथ्यांकअनुसार यो संख्या पाँच हजारभन्दा बढी छ । काठमाडौं महानगरपालिकाको वडा नं. ७ मा मात्रै गरिएको एक अध्ययनले के देखाएको छ भने, उक्त एउटै वडामामात्र ८२० जना बालबालिका घरेलु कामदारको रूपमा कार्यरत छन्, जसमा ३७१ जना बालिका र ४४९ जना बालक रहेका छन् । यसले सहरी क्षेत्रमा लुकेको बालश्रमको भयानक स्वरूपलाई उजागर गर्दछ । एकातिर हाम्रो समाजमा श्रमलाई सम्मान र गहनाको रूपमा लिने गरिन्छ, तर अर्कोतर्फ परिपक्व नभएका, कलिला बालबालिकाहरूबाट गराइने श्रमलाई आपत्तिजनक र कानुनी रूपमा दण्डनीय अपराध मानिन्छ । बालश्रमिकहरू धेरैजसो इट्टाभट्टा, होटल, सार्वजनिक यातायात, कृषि, गिट्टी कुट्ने कार्य र घरेलु कामदारका रूपमा अत्यन्तै जोखिमपूर्ण परिस्थितिहरूमा काम गरिरहेका हुन्छन् । यस्तो वातावरणले उनीहरूको शारीरिक, मानसिक, संवेगात्मक र बौद्धिक विकासमा अपूरणीय क्षति पुऱ्याइरहेको छ । सबै बालश्रमिकहरू शिक्षा, मनोरञ्जन र सीप विकासको उज्यालो अवसरबाट सधैंका लागि वञ्चित हुने हुँदा समग्र मुलुकको भावी जनशक्ति नै शारीरिक र मानसिकरूपमा कमजोर, अक्षम र अनुत्पादक हुने प्रवल डर रहन्छ ।

नेपालमा बालश्रम र बालमजदुरी रहर नभएर बाध्यता हो । यसका पछाडि बहुआयामिक सामाजिक, आर्थिक र सांस्कृतिक कारणहरू रहेका छन्, जसलाई निम्न बुँदाहरूमा विश्लेषण गर्न सकिन्छ:

चिरस्थायी गरिबी र आर्थिक विपन्नता:

गरिबी नै बालश्रमको प्रमुख जननी हो । दैनिक हातमुख जोर्न धौ-धौ पर्ने र तल्लो वर्गमा रहेका परिवारहरू आफ्ना बालबालिकालाई विद्यालय पठाउनुको साटो दुई पैसा कमाएर परिवार पाल्न सघाऊन् भन्ने चाहन्छन् । बालबालिकाहरू आफ्नो र आफ्नो परिवारको जीविकाका निम्ति श्रमबजारमा आफ्नो सस्तो श्रम बेच्न बाध्य हुन्छन् ।

अशिक्षा र जनचेतनाको अभाव:

ग्रामीण तथा पिछडिएका क्षेत्रका अभिभावकहरूमा शिक्षाको महत्त्व र बालअधिकारका बारेमा न्यूनतम चेतनासमेत छैन । बालबालिकालाई सानै उमेरदेखि काममा लगाउनु सामान्य हो भन्ने गलत सामाजिक धारणा विद्यमान छ ।

सामाजिक सुरक्षाको अपर्याप्तता:

राज्यका तर्फबाट गरिब, अनाथ, र असहाय परिवारका लागि ठोस र प्रभावकारी सामाजिक सुरक्षाका कार्यक्रमहरू नहुँदा अभिभावकविहीन वा अतिविपन्न बालबालिकाहरू श्रम शोषणको शिकार हुन पुग्छन् । भौगोलिक विकटता र सामाजिक-सांस्कृतिक कुप्रथाहरू: नेपालको विद्यमान आर्थिक-सामाजिक संरचनामा गाँसिएका कतिपय सांस्कृतिक परिपाटीहरू, बालविवाह, र लैंगिक विभेदका कारण पनि बालबालिकाहरू घर छोड्न वा बालमजदुर बन्न बाध्य छन् ।

कानुनी प्रावधान र उमेरसम्बन्धी अस्पष्टता

बालबालिकाको शोषण र दासताबाट मुक्त भएर बाँच्न पाउने अधिकार, सुरक्षा, स्वास्थ्य, संरक्षण, विकास, माया र हेरचाह पाउने अधिकारको प्रत्याभूति गर्नु राज्य, नागरिक समाज, र प्रत्येक नागरिकको संवैधानिक तथा नैतिक कर्तव्य हो । बालअधिकारका सन्दर्भमा अन्तर्राष्ट्रिय र राष्ट्रियस्तरमा विभिन्न कानुनी परिभाषाहरू गरिएका छन्, तर ती परिभाषाहरूमा अझै पनि एकरूपता र स्पष्ट मापदण्डको अभाव देखिन्छ । अन्तर्राष्ट्रिय मापदण्ड संयुक्त राष्ट्रसंघीय महासभाद्वारा सन् १९८९ नोभेम्बर २० मा पारित 'बालअधिकारसम्बन्धी महासन्धि' ले स्पष्ट रूपमा व्यवस्था गरेअनुसार- कानुनद्वारा वयस्कताको उमेरको अन्यथा व्यवस्था गरेकोमाबाहेक १८ वर्षसम्मको उमेरलाई बालबालिका मानिने छ ।

नेपालको कानुनमा हेर्ने हो भने बालबालिकाअन्तर्गत कुन उमेरका केटाकेटी पर्ने भन्ने सम्बन्धमा केही समय अघिदेखि नै विरोधाभासपूर्ण र अस्पष्ट मापदण्डहरू रहेका छन् । विगतको बालबालिकासम्बन्धी ऐन २०४८ को दफा २ (क) ले १६ वर्ष मुनिकालाई मात्र बालक भनी परिभाषित गरेको थियो र उमेरको दायरा १६ वर्ष तोकिदिएको थियो । त्यस्तै, बालबालिकाको हकहितको सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन २०४९ अनुसार पनि बालक भन्नाले १६ वर्ष उमेर पूरा नगरेको बालबालिकालाई बुझाउँथ्यो । यस ऐनमा १६ वर्ष वा सोभन्दा माथिका (तर वयस्क नभएका) बालकलाई बेलुका ६ बजेदेखि बिहान ९ बजेसम्मको रात्रिकालीन अवधिमा श्रमिकको रूपमा काममा लगाउन नहुने प्रतिबन्ध लगाइएको थियो । साथै, श्रमिकको रूपमा काममा लगाइएका बालकलाई धर्म, वर्ण, जातजातिका आधारमा कुनै भेदभाव नगरी समान कामका लागि समान पारिश्रमिक दिनुपर्ने प्रगतिशील व्यवस्था गरिएको थियो । यद्यपि, नेपालको कानुनमा उमेर पुगेका र उमेर नपुगेका भनी वर्गीकरण गरिए पनि अन्तर्राष्ट्रिय महासन्धिको १८ वर्षे मापदण्ड र नेपालको १६ वर्षे मापदण्डबीचको खाँदले गर्दा १६ देखि १८ वर्ष उमेर समूहका किशोरकिशोरीहरूको संरक्षणमा लामो समयसम्म कानुनी शून्यता र अस्पष्टता रहन गयो, जसको फाइदा श्रम शोषकहरूले उठाइरहेका छन् ।

बालबालिकाको स्वास्थ्य

नेपालका बालबालिकाहरू केवल श्रम शोषणबाट मात्र पीडित छैनन्, बरु उनीहरू कुपोषण, पुड्कोपन र रक्तअल्पताजस्ता गम्भीर स्वास्थ्य समस्याबाटसमेत ग्रसित छन् । शारीरिक र मानसिकरूपमा स्वस्थ जनशक्तिविना देशको विकास असम्भव हुन्छ, तर नेपालको वर्तमान स्वास्थ्य सूचकांक निकै चिन्ताजनक छ । 'नेपाल जनसांख्यिक स्वास्थ्य सर्वेक्षण प्रतिवेदन, २०२२' का अनुसार देशभर पाँच वर्षमुनिका बालबालिकाहरूमा पुड्कोपनको दर २५ प्रतिशत रहेको छ । यसको अर्थ हरेक चार जनामा एक जना बच्चा आफ्नो उमेर अनुसार उपयुक्त उचाइ लिन नसकी पुड्कोपनको शिकार भइरहेको छ । यो समस्या प्रादेशिक र भौगोलिक आधारमा झनै असमान देखिन्छ । कर्णाली प्रदेशमा सबैभन्दा धेरै ३६ प्रतिशत बालबालिकामा पुड्कोपन छ । मधेस प्रदेशमा २९ प्रतिशत, सुदूरपश्चिममा, २८ प्रतिशत तथा बागमती प्रदेशमा सबैभन्दा कम १८ प्रतिशत छ । सहरको तुलनामा ग्रामीण भेगमा बसोबास गर्ने बालबालिकाहरूमा पुड्कोपनको दर अत्यधिक छ । हिमाल, पहाड र तराईको भूभागलाई तुलना गर्दा सबैभन्दा धेरै हिमाली भेगका ४२ प्रतिशत बालबालिकामा पुड्कोपन देखिएको छ । प्रतिवेदनले यो पनि स्पष्ट पारेको छ कि अति गरिब वर्गका बालबालिकामा यो समस्या बढी (३६ प्रतिशत) छ । अशिक्षित आमाहरूबाट जन्मेका बच्चाहरू र २४ देखि ३५ महिनाको उमेर समूहका बालबालिकाहरूमा कुपोषणको समस्या सबैभन्दा बढी पाइएको छ ।

बालबालिकाको शरीर र मस्तिष्क विकासका लागि आइरन (लोहतत्त्व) अनिवार्य हुन्छ । यदि बालबालिकामा आइरनको कमी भएमा शारीरिक तथा मानसिक कार्यक्षमतामा ह्रास आउँछ, उत्पादकत्व कमजोर हुन्छ र संक्रमणका कारण रोग लाग्ने तथा मृत्यु हुने सम्भावना उच्च रहन्छ । मानिसको शरीरमा हुने आइरनमध्ये आधाभन्दा बढी भाग हेमोग्लोबिनमा हुन्छ । नेपालमा पाँच वर्षमुनिका ४८ प्रतिशत बालबालिकामा रक्तअल्पताको गम्भीर समस्या देखिएको छ । विडम्बनाको कुरा, यो उमेरका मात्र ३२ प्रतिशत केटाकेटीले मात्र आफ्नो दैनिक खानाबाट पर्याप्त आइरन प्राप्त गर्दछन् । योभन्दा अझ डरलाग्दो तथ्य के छ भने, विद्यालय जाने किशोरावस्थाका ६४ प्रतिशत किशोरीहरू (छात्राहरू) मा रक्तअल्पता देखिएको छ । दैनिक खानामा आइरनको कमी, औलो र अंकुशे जुकाको संक्रमण, भिटामिन 'ए' को कमी र तीव्र रूपमा बढ्दो उमेरका कारण आइरनको बढी जरुरत पर्ने हुँदा यो संकट चुलिएको हो । आइरन तत्त्व मुख्य रूपमा कलेजो, माछामासु, अण्डाको पहेँलो भाग, गेडागुडी र फलामको भाँडामा पकाएको खानाबाट प्राप्त गर्न सकिन्छ, जसमा गरिब परिवारको पहुँच पुग्न सकेको छैन ।

शरीरको सन्तुलित वृद्धि र विकासका लागि नभई नहुने अर्को सूक्ष्म पोषक तत्त्व आयोडिन हो । यसको दैनिक खानामा कमी भएमा गलगाँड आउने, लाटो-बहिरो हुने, शारीरिकरूपमा लोसे र लठेप्रो हुने, मानसिक उत्पादकत्व घट्ने, पुड्को हुने र स्मरणशक्ति सदाका लागि कमजोर हुनेजस्ता गम्भीर अपांगताका लक्षणहरू देखापर्छन् । अन्य रैथाने खानाबाट आयोडिनको मात्रा पर्याप्त नहुने भएकाले नै हाल नेपाल सरकारले नुनमा आयोडिन मिसाएर (आयोडाइज्ड नुन) देशभर अनिवार्य वितरण गर्ने नीति अवलम्बन गरेको हो ।

बालबालिकाको घट्दो संख्या

नेपालको जनसांख्यिक बनोटमा पछिल्ला दशकहरूमा अनौठो र चिन्ताजनक परिवर्तन देखापरेको छ । विगतका जनगणनाहरूको तुलनात्मक तथ्यांकले नेपालमा बालबालिकाको कूल जनसंख्या र उनीहरूको वृद्धिदर तीव्ररूपमा घटिरहेको देखाउँछ । राष्ट्रिय तथ्यांक कार्यालयको प्रतिवेदनअनुसार पछिल्लो १० वर्षमा (२०६८ देखि २०७८ सम्म) समग्र देशको जनसंख्या १०.१ प्रतिशतले बढ्दा बालबालिकाको जनसंख्या भने १०.९ प्रतिशतले घटेको छ । हाल बालबालिकाको वृद्धिदर ऋणात्मक अर्थात् माइनस १.१ प्रतिशत रहेको छ । यसमा पनि सबैभन्दा अचम्मको र सोचनीय विषय के छ भने, बालकको तुलनामा बालिकाको जनसंख्या करिब चार प्रतिशत बढीले घटेको छ । घट्दो प्रजनन् दर, वैदेशिक रोजगारीका कारण पारिवारिक विखण्डन, र फेरिँदो जीवनशैली यसका कारणहरू हुन् । यसले भविष्यमा नेपालमा युवा जनशक्तिको चरम अभाव हुने र बुढ्चौली जनसंख्याको भार बढ्ने स्पष्ट संकेत गर्दछ ।

विद्यमान चुनौती र संरचनागत कमजोरी

नेपालमा बालबालिकाको समग्र विकास, न्याय र अधिकार संरक्षणको मार्गमा थुप्रै चुनौतीहरू छन् । अज्ञानता, गरिबी र परम्परागत अन्धविश्वासका कारण बालविवाहलाई पूर्णरूपमा निरुत्साहित गर्न कठिन भइरहेको छ । बालविवाहका कारण बालबालिकाहरू (विशेष गरी बालिकाहरू) बीचैमा विद्यालय छाड्न बाध्य हुन्छन्, जसले गर्दा उनीहरूको शिक्षामा निरन्तरता हुँदैन । कम उमेरमै विवाह हुँदा नयाँ परिवारमा घुलमिल हुन कठिन हुने, मानसिक अपरिपक्वताका कारण परिवार व्यवस्थापन गर्न नसक्ने, प्रजनन् स्वास्थ्यमा गम्भीर समस्या आउने, पारिवारिक विखण्डन हुने र कतिपय अवस्थामा बालबालिका बेचबिखनको चंगुलमा फस्ने गरेका छन् ।

नेपाल सरकारले बालबालिकाउपर लागेको कसूरको अनुसन्धान गर्न र उनीहरूमाथिका हिंसा निरूपण गर्न छुट्टै विशिष्टीकृत अनुसन्धान एकाई गठन गर्ने कानुनी व्यवस्था त गरेको छ, तर व्यावहारिक रूपमा अझै सम्म यसको प्रभावकारी कार्यान्वयन हुन सकेको छैन । प्रहरी कार्यालयहरूभित्र महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेल, सामुदायिक प्रहरी, एकद्वार संकट व्यवस्थापन केन्द्र, लैंगिक हिंसा नियन्त्रण सञ्जाल र बालबालिका खोजतलास केन्द्र (१०४) परिचालन गरिएता पनि तिनीहरूको पहुँच र स्रोत-साधन सीमित छ । बालकोषको व्यवस्था भएता पनि प्रक्रियागत झण्झटका कारण प्रहरीको त्यसमा सहज पहुँच छैन । पीडित वा कानुनको विवादमा परेका बालबालिकालाई मनोसामाजिक तथा मनोवैज्ञानिक परामर्श प्रदान गर्न दक्ष जनशक्तिको चरम अभाव छ । बालबालिकासम्बन्धी प्रतिवेदनहरू तोकिएको अनुसन्धान अवधिभित्र अदालती मिसिलमा राख्न नसकिँदा न्याय सम्पादन ढिलो हुने गरेको छ । पीडित बालबालिकालाई उद्धार गरी अभिभावकको जिम्मा लगाइएपछि पुनः अनुगमन गरी फलोअप गर्ने प्रणाली छैन । पटक-पटक कानुनको विवादमा परेका बालबालिकाहरूलाई त आफ्नै अभिभावकले समेत जिम्मा लिन अस्वीकार गर्ने गरेका सामाजिक विकृतिहरू छन् । बालअधिकारका मुद्दाहरूले राज्यको नीति र योजनामा आवश्यकता अनुसार प्राथमिकता पाउन सकेका छैनन् । समाज र परिवारले बालश्रमलाई सहजै स्वीकार गर्ने मानसिकता त्याग्न सकेका छैनन् । अभावको जीवनयापन गरिरहेका विपन्न र सीमान्तकृत परिवारलाई लक्षित गरी प्रभावकारी र दिगो आर्थिक प्याकेज आउन सकेको छैन । बालबालिकाको क्षेत्रमा कार्यरत रहेका बालगृह, सडक बालबालिकाको उद्धार र पुनःस्थापनाका लागि क्रियाशील संघसंस्थाहरू पर्याप्त छैनन् र भएका कतिपय संस्थाहरू पनि बालअधिकार संरक्षणको वास्तविक उद्देश्यअनुरूप सञ्चालन नभई व्यापारिक स्वार्थमा लागेको देखिनु झनै दुःखद कुरा हो ।

आगामी मार्गचित्र

बालबालिकाका यी बहुआयामिक समस्या र चुनौतीहरूलाई सम्बोधन गर्न केवल सानोतिनो सुधारले पुग्दैन, यसका लागि राज्यका तीनै तहका सरकार, नागरिक समाज, र सरोकारवालाहरूको एकीकृत र क्रान्तिकारी प्रयास आवश्यक छ । नेपाल सरकारले न्यायपरिषद्को सिफारिसमा आवश्यक संख्यामा विशिष्टीकृत 'बाल अदालत' गठन गर्न सक्ने कानुनी व्यवस्था छ । सर्वोच्च अदालतलेसमेत यथाशीघ्र बाल अदालत गठन गर्न आदेश दिइसकेको परिप्रेक्ष्यमा बालबालिकासम्बन्धी मुद्दाहरूको छिटो र बालमैत्री वातावरणमा किनारा लगाउन सातै प्रदेशमा बाल अदालतको स्थापना गरिनुपर्छ ।

बालबालिकालाई तोकिएको कैद वा सुधार गृहको सजाय अवधि भुक्तान नहुँदासम्मका लागि जिल्ला बाल न्याय समितिको सचिवालयलाई नियमित र स्पष्ट अनुगमन गर्ने कानुनी अख्तियारी र स्रोत साधन प्रदान गरिनुपर्छ । बालअधिकारसम्बन्धी विद्यमान ऐन, नियम र प्रावधानहरूका बारेमा तल्लो तहसम्म जनचेतना फैलाउने सार्थक कार्यक्रमहरू सञ्चालन गरिनुपर्छ । बालविवाह, छाउपडी, र जातीय विभेदजस्ता परम्परागत कुप्रथाहरूलाई निरुत्साहित र नियमन गर्न कडा कानुनी सजाय र जवाफदेहीपूर्ण सामाजिक जागरणका कार्यक्रमहरू ल्याउनुपर्छ । स्थानीय, प्रदेश र संघीय सरकारले बालश्रमका क्षेत्रहरू (जस्तैः यातायात, इटाभट्टा, होटल) पहिचान गरी उनीहरूको उद्धार र न्यायोचित निरूपणका लागि गैरसरकारी संस्थाहरूसँग समन्वय र सहकार्य गर्नुपर्छ । बालअधिकारको क्षेत्रमा इमानदारिताका साथ कार्यरत संघसंस्थाहरूको सबलीकरणका लागि राज्यले पारदर्शीरूपमा अनुदानको व्यवस्था गर्नुपर्छ । बालबालिकालाई बालअधिकार र पोषणका बारेमा सहज जानकारी दिने सबैभन्दा उत्तम थलो विद्यालय हो । त्यसैले विद्यालयको भौतिक तथा मानसिक वातावरण पूर्णरूपमा बालमैत्री बनाइनुपर्छ । दिवा खाजा कार्यक्रमलाई देशव्यापीरूपमा पोषणयुक्त (आइरन र आयोडिनयुक्त खाना समावेश गरी) बनाउँदै उच्च प्राथमिकताका साथ सञ्चालन गरिनु आवश्यक छ ।

अन्त्यमा,

बालबालिका कुनै पनि देशको वर्तमानका हिस्सेदार र भविष्यका जग हुन् । नेपालमा विद्यमान बालबालिकाको समस्यालाई सम्बोधन नगरेसम्म 'समृद्ध नेपाल' को परिकल्पना केवल कागजमा मात्र सीमित रहने छ । बालअधिकारको रक्षा गर्नु दया वा मायाको विषय नभएर राज्यको अनिवार्य दायित्व र बालबालिकाको नैसर्गिक अधिकार हो । विद्यमान कानुनहरूको कठोर कार्यान्वयन, सरकारी निकायहरूको जवाफदेहिता र विपन्न परिवारलाई आर्थिक रूपमा सबल बनाउने नीतिहरू प्राथमिकताका साथ लागू गरिएमा मात्र नेपाललाई बालश्रममुक्त र बालमैत्री राष्ट्रको रूपमा विश्वसामु चिनाउन सकिने छ ।

गर्मी छल्दै बालबालिका | लमजुङको मध्यनेपाल नगरपालिका-६ को पिस्ती खोलामा शनिबार दिउँसो अत्यधिक गर्मीका कारण गर्मी छल्न पौडी खेल्दै बालबालिका। *तस्बिर: रासस*

सगरमाथा आरोहण गर्नेलाई पाँच लाख पुरस्कार

दमौली (तनहुँ)– म्याग्दे गाउँपालिकाले सगरमाथा आरोहण गर्नेलाई प्रोत्साहनस्वरूप पाँच लाख रूपैयाँ दिने घोषणा गरेको छ। गाउँपालिकाको झण्डासहित सगरमाथा आरोहण गर्ने म्याग्देका बासिन्दालाई पाँच लाख रूपैयाँ प्रोत्साहनस्वरूप सहयोग गर्ने नीति लिइएको गाउँपालिकाले जनाएको छ।

गाउँपालिकाका अध्यक्ष श्रीप्रसाद श्रेष्ठले म्याग्देको पहिचानलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा स्थापित गर्ने उद्देश्यले म्याग्दे गाउँपालिकाको लोगो अंकित झण्डासहित सगरमाथा आरोहण गर्ने व्यक्तिलाई पाँच लाख रूपैयाँ प्रोत्साहन अनुदान प्रदान गरिने बताए। नेपालको गौरवको प्रतीक सगरमाथासँग गाउँपालिकाको नाम जोड्ने तथा साहसिक पर्यटन गतिविधिलाई प्रोत्साहन गर्ने उद्देश्यले यो कार्यक्रम ल्याइएको उनले बताए।

यस्तै आगामी आर्थिक वर्ष २०८३/८४ को नीति तथा कार्यक्रममा कृषि तथा पशुपालन क्षेत्रलाई विशेष प्राथमिकतामा राखिएको छ। दूध उत्पादनमा कृषकलाई थप उत्साहित बनाउन प्रतिलिटर दूधमा १० रूपैयाँ अनुदान उपलब्ध गराइने व्यवस्था गरिएको छ। यस कार्यक्रमका लागि गाउँपालिकाले ५० लाख रूपैयाँ बजेट विनियोजन गरेको छ।

सामाजिक सद्भाव, समानता र समावेशी समाज निर्माणलाई प्रोत्साहन गर्ने उद्देश्यले अन्तरजातीय विवाह गर्ने दम्पतीलाई ५० हजार रूपैयाँ प्रोत्साहन रकम उपलब्ध गराइने व्यवस्था गरिएको उनले जानकारी दिए। समाजमा अझै विद्यमान जातीय विभेद् अन्त्य गर्न तथा सामाजिक एकता सुदृढ बनाउन यो कार्यक्रम प्रभावकारी हुने उनको विश्वास छ।

विपद् जोखिम न्यूनीकरण तथा आकस्मिक अवस्थाको व्यवस्थापनलाई सुदृढ बनाउन गाउँपालिकाले विपद् व्यवस्थापन कोषमा ४० लाख रूपैयाँ बजेट छुट्याएको छ। बाढी, पहिरो, आगलागी तथा अन्य प्राकृतिक तथा मानवीय विपद्का घटनामा तत्काल राहत, उद्धार र पुनःस्थापनाका कार्यलाई प्रभावकारी बनाउन उक्त रकम परिचालन गरिने अध्यक्ष श्रेष्ठले बताए।

पर्यटन क्षेत्रलाई गाउँपालिकाको आर्थिक विकासको महत्त्वपूर्ण आधारका रूपमा लिँदै मानुङ, गैह्रास्वाँरा, हर्कपुरलगायत पर्यटकीय क्षेत्रको पूर्वाधार विकास र प्रवर्द्धनका लागि आवश्यक बजेट विनियोजन गरिएको उनले जानकारी दिए। ती क्षेत्रमा पदमार्ग, विश्रामस्थल, दृश्यावलोकन स्थल, सूचना केन्द्र तथा अन्य आवश्यक संरचना निर्माण गरी आन्तरिक तथा बाहच पर्यटक आकर्षित गर्ने लक्ष्य राखिएको छ।

स्थानीय उत्पादनको संरक्षण, बजारीकरण तथा उपभोगलाई बढावा दिन 'बसे पनि सहर, गाउँकै खाने रहर' कार्यक्रम सञ्चालन गरिने अध्यक्ष श्रेष्ठले बताए। यस कार्यक्रममार्फत गाउँमा उत्पादन भएका कृषि उपज, दुग्धजन्य पदार्थ, खाद्यान्न तथा परम्परागत खाद्य सामग्रीको प्रयोगलाई प्रोत्साहन गरिने छ। गाउँपालिकाले कृषि उत्पादन वृद्धि, पर्यटन प्रवर्द्धन, सामाजिक समावेशिता, विपद् व्यवस्थापन र स्थानीय उत्पादनको संरक्षणलाई एकीकृतरूपमा अघि बढाउँदै दिगो विकास र समृद्ध म्याग्दे निर्माणको लक्ष्य लिएको जनाएको छ। *रासस*

भोजपुरमा 'एक सामुदायिक वन-एक संरक्षण पोखरी' कार्यक्रम

भोजपुर– भोजपुरमा वन संरक्षण, जैविक विविधता प्रवर्द्धन तथा वातावरणीय सन्तुलन कायम गर्ने उद्देश्यले 'एक सामुदायिक वन-एक संरक्षण पोखरी' कार्यक्रम सञ्चालनमा ल्याएको छ। डिभिजन वन कार्यालय भोजपुरको पहलमा सञ्चालित यस कार्यक्रमअन्तर्गत जिल्लाका चारवटा सामुदायिक वन क्षेत्रमा संरक्षण पोखरी निर्माण गरिएको हो।

डिभिजन वन कार्यालय भोजपुरका प्रमुख खुद्रुस मियाले आहाले सामुदायिक वन, ढोडे बैखाके सामुदायिक वन, भद्रासे चारे भिर सामुदायिक वन र हर्कटे आमलाला सामुदायिक वनमा संरक्षण पोखरी निर्माण सम्पन्न गरिएको जानकारी दिए। भौगोलिक रूपमा पानीको अभाव हुने र गर्मीयाममा सुक्खा हुने यी क्षेत्रमा निर्माण गरिएका पोखरीले वन्यजन्तुका लागि स्थायी पानीको स्रोतको रूपमा काम गर्ने उनको भनाइ छ।

'सामुदायिक वनमा पोखरी निर्माण कार्यक्रम सञ्चालन गरेका छौं,' प्रमुख मियाले भने, 'हालसम्म चारवटा वनमा पोखरी निर्माण सम्पन्न गरेका छौं। भावी दिनमा पनि यस्ता कार्यक्रमलाई निरन्तरता दिने लक्ष्य छ।'

उनका अनुसार पछिल्लो समय जलवायु परिवर्तनका कारण वर्षा प्रणालीमा आएको असन्तुलनले वन क्षेत्रमा पानीको अभाव बढ्दै गएको छ। यस्तो अवस्थामा संरक्षण पोखरी निर्माणले वन्यजन्तु, वनस्पति तथा समग्र पारिस्थितिक प्रणालीलाई जोगाउन महत्त्वपूर्ण भूमिका खेल्ने उनको भनाइ छ। 'वन संरक्षणको दायरा केवल रूख संरक्षणमा सीमित छैन,' उनले भने, 'पानी, माटो र जैविक विविधताको सन्तुलन कायम गर्नु पनि उत्तिकै आवश्यक छ।'

वन अधिकृत नर मुहमत मियाले संरक्षण पोखरी निर्माणको बहुआयामिक महत्त्व रहेको बताए। वन्यजन्तुका लागि पानीको सुनिश्चिततासँगै यी पोखरी वन डढेलो नियन्त्रणमा पनि प्रभावकारी बन्ने उनको भनाइ छ।

'डढेलोको समयमा तत्काल पानी उपलब्ध हुँदा आगलागी नियन्त्रण गर्न सहज हुन्छ,' उनले भने, 'यसले वन क्षति न्यूनीकरण गर्न प्रत्यक्ष योगदान दिन्छ। साथै, वन क्षेत्रमा आपत्कालीन स्रोतको रूपमा पनि यसको उपयोग गर्न सकिन्छ।'

त्यसैगरी, संरक्षण पोखरीले भूमिगत पानी पुनर्भरण (रिचार्ज) मासमेत सहयोग पुऱ्याउने जनाइएको छ। वर्षायाममा संकलित पानी पोखरीमा सञ्चित भई बिस्तारै जमिनमा सोसिने हुँदा आसपासका क्षेत्रको जलस्तर कायम राख्न मद्दत पुग्ने कार्यालयको भनाइ छ। यसले दीर्घकालीनरूपमा स्थानीय कृषिमासमेत सकारात्मक प्रभाव पार्ने सरोकारवाला बताउँछन्। विशेषगरी वर्षामा सञ्चित पानी सुक्खा याममा उपयोगी हुने भएकाले कृषिमा निर्भर स्थानीय समुदायलाई अप्रत्यक्ष लाभ पुग्ने देखिएको छ।

आर्थिक वर्ष २०८२/८३ मा प्रदेश सरकारबाट प्राप्त १० लाख रूपैयाँ बजेटबाट चार वटा रिचार्ज पोखरी निर्माण गरिएको कार्यालयले जनाएको छ। कार्यालयले आगामी दिनमा यस्ता कार्यक्रमलाई अझ विस्तार गर्ने योजना बनाएको छ।

सामुदायिक वन उपभोक्ता समूहको सक्रिय सहभागिताले निर्माण कार्यलाई सहज बनाएको कार्यालयको भनाइ छ। स्थानीयबासी रामकुमार राईले संरक्षण पोखरी निर्माणले समुदायमा सकारात्मक परिवर्तन ल्याएको बताए। 'पहिले गर्मीयाममा वन एकदम सुक्खा हुन्थ्यो,' उनले भने, 'पानीको अभावले वन्यजन्तु गाउँतिर आउने र मानव-वन्यजन्तु द्वन्द्व बढ्ने समस्या थियो। पोखरी निर्माणले त्यो समस्या समाधानमा सहयोग पुग्ने हाम्रो अपेक्षा छ।'

यस्ता साना तर प्रभावकारी पूर्वाधारले दीर्घकालीनरूपमा ठूलो वातावरणीय लाभ दिने सरोकारवालाहरूको भनाइ छ। विशेषगरी पहाडी भू-भागमा पानीको स्रोत व्यवस्थापन चुनौतीपूर्ण हुने भएकाले संरक्षण पोखरीजस्ता संरचना अत्यन्तै उपयोगी मानिन्छन्।

डिभिजन वन कार्यालय, स्थानीय तह र सामुदायिक वन उपभोक्ता समूहबीचको सहकार्यमा अघि बढाइएको यो कार्यक्रम भोजपुरमा वन संरक्षणको एक सफल अभ्यासका रूपमा स्थापित हुँदै गएको छ। आगामी दिनमा जिल्लाका अन्य सामुदायिक वन क्षेत्रमासमेत यस्ता कार्यक्रम विस्तार गर्ने लक्ष्य लिइएको कार्यालयले जनाएको छ।

पोखरी निर्माणले दिगो विकास र वातावरण संरक्षणबीच सन्तुलन कायम गर्दै वन क्षेत्रलाई हरित बनाउने आधार तयार पार्ने स्थानीय जानकारहरूको भनाइ छ। *रासस*

बसाइँसराइले रित्तिँदै गाउँ, गोरुको ठाउँमा किसानलाई कृषि औजार

गुल्मी– पहिले गाउँका प्रत्येक घरघरमा खेतबारी जोत्नका लागि गोरु पाल्ने चलन थियो। खेतीपाती गर्नका लागि गोरु नै किसानको मुख्य सहारा थिए। आजभोलि ती दिन विस्तारै सम्झनामा सीमित हुँदै गएको छ। गाउँका युवा रोजगारीका लागि सहर र विदेशतिर पसेका छन्। गाउँमा काम गर्ने मानिस अभाव छ। जसका कारण किसानले गोरु पाल्न विस्तारै छोडिसकेका छन्।

यस्तै समयको गतिसँगै बदलिँदो ग्रामीण परिवेशको यथार्थ समस्यालाई मध्यनजर गर्दै मुसिकोट नगरपालिकाले किसानलाई यान्त्रिकीकरणमार्फत किसानलाई कृषि उत्पादनतर्फ उन्मुख गराउने प्रयास थालेको छ। नगरपालिकाले आर्थिक वर्ष २०८२/८३ को वार्षिक स्वीकृत कार्यक्रमअन्तर्गत ९० जना कृषकलाई ७५ प्रतिशत अनुदानमा कुटानी-पिसानी मिल र हाते ट्र्याक्टर वितरण गरेको छ।

कृषिमा बढ्दो श्रम अभावको न्यूनीकरण, उत्पादन लागत घटाउने र समयको बचत गर्दै खेतीलाई थप व्यावसायिक बनाउने उद्देश्यले किसानहरूलाई उक्त प्रविधि हस्तान्तरण गरिएको नगरप्रमुख जीवलाल खरेल जीवनले बताए। उनले बसाइँसराइका कारण गाउँमा खेती गर्ने जनशक्ति घट्दै गएको, गोरु पाल्ने चलन पनि कम हुँदै गएकाले परम्परागत खेती प्रणालीलाई आधुनिक प्रविधिसँग जोड्नु अहिलेको आवश्यकता बनेको बताए।

मुसिकोट-२ का किसान बुद्धिराम खरेलले भने, 'गाउँमा अहिले गोरु पाल्न सम्भव छैन, खेत जोत्नका लागि मान्छे खोज्दा भेटिँदैनन्, यस्तो अवस्थामा आफूले थोरै लगानी गरेर अनुदानमा हाते ट्र्याक्टर पाउँदा निकै खुसी लागेको छ।'

हाते ट्र्याक्टर र कुटानी-पिसानी मिलले किसानको श्रम, समय र लागत कम हुने तथा बाँझो जमिनको उपयोग बढाउन मद्दत पुग्ने छ। ७५ प्रतिशत अनुदानमा मेसिनरी औजार प्राप्त गरेपछि कृषकहरू पनि उत्साहित देखिएका छन्। अर्का कृषक कृष्णकुमारी कार्कीले कुटानी-पिसानी मिलले आफूलाई घरमै अन्न पिस्न सजिलो हुने भएको भन्दै यसले समय र ढुवानी खर्चमा समेत बचत हुने बताइन्। नगरपालिकाकी कृषि प्राविधिक अस्मिता आचार्यले कृषकले औजारको सही प्रयोग र नियमित मर्मतसम्भारमा ध्यान पुऱ्याउनसके यसबाट लामो समयसम्म फाइदा लिन सकिने बताइन्।

गाउँ रित्तिँदै गएको वर्तमान अवस्थामा मुसिकोट नगरपालिकाले गाउँमा बाँकी रहेका किसानलाई आधुनिक प्रविधिमार्फत कृषि पेसालाई टिकाइराख्न यस्ता प्रकारका आधुनिक यान्त्रिकीकरण वितरणबाट थप मद्दत पुग्ने अपेक्षा गरिएको जनाएको छ। *रासस*

अरनिको राजमार्ग असार २२ गतेदेखि राति बन्द गरिने

काभ्रेपलाञ्चोक (प्रस)– स्तरोन्नति भइरहेको अरनिको राजमार्गअन्तर्गत धुलिखेल-खावा सडकखण्डलाई तीव्रता दिन असार तेस्रो सातादेखि १५ दिन रातको समयमा सवारीसाधन आवागमनमा रोक लगाइने भएको छ। जिल्ला सुरक्षा समितिले उक्त सडकखण्डमा यही असार २२ गतेदेखि आगामी साउन ४ गतेसम्म रातको समयमा पूर्णतः सवारीसाधन आवागमन बन्द गरिने जनाएको हो।

उक्त सडकखण्ड कालोपत्र गर्ने सम्बन्धमा उल्लेखित अवधिमा टिपर र मालवाहक ठूला ट्रकलाई पूर्णतः प्रवेशमा निषेध गर्ने तथा अन्य यात्रुवाहक तथा अन्य मालवाहक सवारीसाधनलाई बेलुका ७:०० बजेदेखि बिहान ५:०० बजेसम्ममात्रै प्रवेशमा रोक लगाउने निर्णय गरिएको समितिका संयोजक एवं प्रमुख जिल्ला अधिकारी गोपालकुमार अधिकारीले बताए।

उनका अनुसार आर्थिक वर्षको अन्त्यको समय भएकाले निर्माण सामग्री ढुवानी प्रभावित नहोस् भन्ने उद्देश्यले सडक निर्माण प्रक्रियालाई केही ढिलाइ गर्न लगाइएको हो। समितिले सडक निर्माणलाई सहजीकरण गर्न यात्रु तथा मालवाहक सवारीसाधनलाई सम्भव भएसम्म वैकल्पिक मार्ग प्रयोग गर्न सिफारिस गर्नेसमेत जनाएको छ।

तोकिएको अवधिमा रातिको समयमा एम्बुलेन्ससहित अत्यावश्यक सेवाका सवारीसाधन भने पूर्ववत् सञ्चालन गर्न दिइने निर्णय गरिएको प्रमुख जिल्ला अधिकारी अधिकारीले जानकारी दिए। सवारीसाधन व्यवस्थापन तथा चालकलाई आवश्यक सहजीकरणका लागि जिल्ला प्रशासन कार्यालय काठमाडौं, भक्तपुर, दोलखा र सिन्धुपाल्चोकसँग समन्वय गरिने समितिले जनाएको छ।

गत चैतमा करिब एक महिनाभर रातको समयमा पूर्णतः आवागमन बन्द तथा दिउँसो एकतर्फी सञ्चालन गरेर २.५ किलोमिटर सडक कालोपत्र (डिबिएम-पिच) को काम गरिएको थियो।

फैलिँदै बर्डफ्लुः ११ जिल्लाका ८२ स्थानमा संक्रमण पुष्टि

ललितपुर– काठमाडौं उपत्यकामा पछिल्लो तीन महिनायता देखिएको बर्डफ्लु (एच-फाइभ एन-वान) संक्रमण हाल तीव्र रूपमा फैलिन थालेको छ। पशुसेवा विभागका अनुसार हालसम्म ११ जिल्लाका ८२ स्थानमा संक्रमण पुष्टि भइसकेको छ भने रोग नियन्त्रणका लागि प्रभावित क्षेत्रमा विशेष सतर्कता अपनाइएको छ।

गत चैत ४ गते मोरङमा पहिलोपटक बर्डफ्लु पुष्टि भएपछि झापा, सुनसरी, महोत्तरी, बारा, चितवन, नवलपरासी, काठमाडौं, भक्तपुर, ललितपुर र काभ्रेपलाञ्चोकसम्म संक्रमण फैलिएको हो। पशुसेवा विभागका महानिर्देशक डा. उमेश दाहालका अनुसार संक्रमण नियन्त्रणका क्रममा हालसम्म पाँच लाख ६९ हजार ८५८ वटा पक्षी नष्ट गरिएको छ। त्यस्तै नौ लाख ८९ हजार ३१३ वटा अण्डा र एक हजार ९५४.८५ क्विन्टल दाना पनि नष्ट गरिएको उनले जानकारी दिए।

रोग नियन्त्रणका लागि विभागले उपमहानिर्देशकको नेतृत्वमा 'बर्डफ्लु रोग नियन्त्रण कक्ष' स्थापना गरी संघ, प्रदेश र स्थानीय तहसँग समन्वय गर्दै प्रभावित क्षेत्रमा प्राविधिक टोली परिचालनसमेत गरेको छ। विभागका अनुसार हालसम्म कोशी प्रदेशका झापा, मोरङ र सुनसरीसँगै बारा, महोत्तरी, चितवन र नवलपरासीमा संक्रमण नियन्त्रणमा आइसकेको छ। तर काठमाडौं, ललितपुर, भक्तपुर तथा काभ्रेपलाञ्चोकका केही क्षेत्रमा संक्रमण अझै देखिइरहेकाले विशेष निगरानी बढाइएको महानिर्देशक डा. दाहालले जानकारी दिए।

संक्रमित भाइरसमा कुनै आनुवंशिक परिवर्तन (म्युटेसन) भएको छ वा छैन भन्ने यकीन गर्न राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालासँगको सहकार्यमा भाइरसको जिन अनुक्रमण प्रक्रिया पनि सुरु गरिएको विभागले जनाएको छ। विभागले पन्छीपालक किसानलाई फार्ममा जैविक सुरक्षा (बायोसेक्युरिटी) का मापदण्ड कडाइका साथ पालना गर्न, पुराना अण्डाका क्रेट पुनःप्रयोग नगर्न, ढुवानीका साधन पूर्णरूपमा निसंक्रमण गरेरमात्र फार्मभित्र प्रवेश गराउन तथा जंगली पन्छीसँग घरपालुवा पन्छीको सम्पर्क हुन नदिन आग्रह गरेको छ।

यसैगरी, पन्छी तथा पन्छीजन्य उत्पादनको ओसारपसार गर्दा अनिवार्यरूपमा भेटेरिनरी प्रमाणपत्र लिन, नियमित खोप लगाउन तथा कुनै फार्ममा अस्वाभाविकरूपमा धेरै पन्छी बिरामी वा मरेको देखिए तत्काल नजिकको पशु सेवा कार्यालयमा जानकारी गराउन विभागले अनुरोध गरेको छ। *रासस*

प्रभाव दैनिक
National Daily

अर्थ बजार

आजको मूल्य

छापावाला सुन	तेजाबी सुन	चाँदी
प्रति तोला - २७९१००	प्रति तोला - ०	प्रति तोला - ४१८०

लिमी लाप्चा क्षेत्रबाट मानसरोबरको मनमोहक दृश्य

■ दामोदर खनाल

हुम्ला– हुम्लाको लिमी लाप्चा मान सरोबर दृश्य अवलोकन गर्ने राम्रो पर्यटकीय प्वाईन्ट बन्दै गएको छ। मानसरोवर तिब्बतमा अवस्थित भगवान शिवको पवित्र बासस्थान र हिन्दु, बौद्ध तथा जैन धर्मको प्रमुख तीर्थस्थल हो। कैलाश मानसरोवर यात्रा असारदेखि असोज सम्म उत्तम मानिन्छ। कैलाश मानसरोवर को दर्शन गर्नाले पुन्य प्राप्ति हुन्छ र यो साहसिक यात्रा पनि हो।

नेपालकै ठुलो हुम्ला जिल्लाको नाम्खा गाउँपालिकाको लिमी लाप्चा नेपाल चीन (तिब्बत) को सिमामा पर्छ। यो लिमी लाप्चा क्षेत्र करिव ५ हजार दुईसय मिटर सम्मको उचाईमा पर्दछ।

पर्यटकीय सिजन सुरू भएसँगै यहाबाट मानसरोबर कैलासको दृश्य हेर्न आउनेको संख्या पनि दिन प्रतिदिन बढ्दो छ। यो प्वाईन्ट नेपालतर्फ नेपाल चीन सिमामा पर्ने भएकोले नेपालीहरूका लागि विना झन्झट विना पासपोर्ट यहाँ आउन पाईने भएकाले पनि यो गन्तव्यप्रति आकर्षण बढ्दो छ।

यहाँ पुग्न हुम्ला सदरमुकाम सिमिकोटबाट गतवर्ष मात्र मोटरवाटोको ट्रयाक खोलिएकोले पर्यटकहरू सिमिकोटबाट मान सरोवर हेर्न यो क्षेत्रमा पनि पुग्न थालेका हुन्। सिमिकोटवाट करिव १ सय किलोमिटर दुरि कच्चि वाटो हल्का सवारी साधनमा करिव ९ घण्टामा पुग्न सकिन्छ। यात्रामा आफुलाई चाहिने बाक्लो कपडा र खानेकुराहरू साथमा राखेर जानपर्ने हुन्छ। साथमा टेलिस्कोप भयोभनि दृश्य निकै राम्रो देख्न सकिन्छ। यात्रामा विभिन्न हिमाल, हिमताल, भेडा, चौरी चरन क्षेत्र, नागवेलि पहाड र वन घोडाको दृश्यले पर्यटकलाई निकै आकर्षण दिन्छ।

यो कर्णाली प्रदेश अन्तर्गत हुम्ला जिल्लाको सुदुर उत्तर पश्चिम भागमा अवस्थित रहेको छ। यो चिनको स्वसाशित क्षेत्र तिब्बतसँग जोडिएको छ। यो क्षेत्रफलका हिसावले नेपालको सबैभन्दा ठुलो नाख्मा गाउँपालिका हो ।

हुम्ला जिल्लाको नाख्मा गाउँपालिका नेपालको सवैभन्दा ठुलो गाउँपालिका हो। जुन गाउँपालिकाको उच्चस्थानमा रहेको लिमी लाप्चामा पुग्न सदरमुकाम सिमिकोटबाट गतवर्ष मात्र मोटरबाटोको ट्रयाक खोलिएकोले केही स्वदेशी विदेशी पर्यटकहरू आउन थालेका लिमी उपत्यका क्षेत्रमा तुलिङ होमस्टे खोली बसेका नुर्बु लामा बताउँछन्।

यो उपत्यकाबाट जहाँ पुग्न जोखिमपुर्ण सडकमा करिव ३ घण्टा यात्रा गर्नु पर्दछ। जहाँ संचार सम्पर्क हुँदैन भनि पर्यटकका लागि केहिपनि सेवा सुबिधा उपलब्ध छैन। लिमी लाप्चा क्षेत्र करिव ४९०० देखि ५१३३ मिटर उचाईमा छ। यहाबाट तिब्वत बोर्डरमा रहेको माउन्ट कैलास र मानसरोवर ताल देख्न सकिन्छ। यो प्वाईन्टमा जादा चाईनिज भिसा र पासपोर्ट आवश्यक पर्दैन।

रूपन्देही तिलोत्तमाबाट मानसरोवर को दृश्य अवलोकन गर्न लीमि लाप्चा पुग्नु भएका बसन्तरोक्का क्षेत्रीले सडकको ट्र्याक खुली सकेको हुनाले यसलाई ढुंगा छापेर व्यवस्थित गर्न सके पर्यटकको आवत जावतमा सहजहुने बताए। सञ्चार सम्पर्क र ठाउँठाउँमा पर्यटकको लागि खाने बस्न होटलहरूको व्यवस्था हुन सके कैलाश र मानसरोवर हेर्न नेपालतिरको यो प्वाइन्ट राम्रो गन्तव्य हुने उनले बताए।

त्यस्तै हेटौंडाबाट आएका गणेश रिजाल, कोहलपुरका प्रेम मल्ल, मणिग्राम रूपन्देहीका दिपेश बस्यालले पनि एकै स्वरमा लिमी लाप्चाबाट हेरेर मानसरोवर कैलाशको दर्शन गर्न पाएकोमा निकै आनन्द र शान्ति मिलेको वताउँदै यस क्षेत्रमा केही पर्यटकीय पूर्वाधार र सुविधा हुन आवश्यक रहेको सुझाव दिए।

स्थानियहरू यहाँ भर्खरै संचालनमा आएको साँघुरो बाटो विस्तारसँगै संचार र स्वास्थ सेवा तथा केही पर्यटकिय पुर्वाधार आवश्यक रहेको बताउँछन्। स्थानीय जुके लामा संचार कनेक्सन नहुदा निकै समस्या पर्ने, सम्पर्क नहुने बताउँछन्। उनले एम्बुलेन्स र स्वास्थ्य सेवा आवश्यकता रहेको पनि बताए। हुनत पछिल्लो समय मान सरोबर कैलास दर्शन गर्न नेपालगन्ज बाट हुम्लाको सदरमुकाम सिमिकोट विमानस्थल हुँदै हिल्सा भएर मानसरोवर दर्शन गर्न पुग्नेको संख्या पनि उल्लेख्य छ।

मानसरोवर कैलाशको दर्शन गर्ने समय सुरू भएकोले भारती पर्यटकहरू आउने क्रम निकै बढेका कारण सिमिकोट विमानस्थल बिहानबाट बेलुका सम्म निकै चहलपहल हुन थालेको छ। यहाँका होटलहरू पनि भरिभराउ हुन थालेका छन्।

सञ्चालनमा आयो धरानको 'स्मार्ट बसपार्क'

■ प्रभाव संवाददाता

धरान (सुनसरी)– धरान उपमहानगरपालिका-८ स्थित अत्याधुनिक 'स्मार्ट बसपार्क' शनिबारदेखि सञ्चालनमा आएको छ। धरान उपमहानगरपालिकाका कार्यवाहक नगरप्रमुख अइन्द्रविक्रम बेघाले शनिबार आयोजित एक कार्यक्रमबीच बसपार्कको उद्घाटन गरेका हुन्।

संघीय सरकार र धरान उपमहानगरपालिकाको ५०-५० प्रतिशत आन्तरिक स्रोतबाट करिब एक बिघा सात कट्ठा क्षेत्रफलमा बसपार्क निर्माण गरिएको हो। कूल ३ करोड ७० लाख ४७ हजार रूपैयाँ लागत अनुमान गरिएको उक्त आयोजना निर्माणको जिम्मा बिकोइ गीताञ्जली जेभी, दुहबी सुनसरीले पाएको थियो। निर्माण कम्पनीले २५ करोड ४१ लाख ६७ हजार रूपैयाँमा २०७८ असार ३० गते ठेक्का सम्झौता गरी निर्माण कार्य सुरु गरेको थियो।

बसपार्क २४ करोड ८६ लाख नौ हजार रूपैयाँमा निर्माण सम्पन्न भएको धरान उपमहानगरपालिकाका योजना शाखाका इञ्जिनियर प्रकाश शर्माले जानकारी दिए। यहाँ एकैपटक ३८ वटा ठूला बस र १८ वटा जिप पार्किङ गर्न सकिने व्यवस्था छ। भवनको बेसमेन्टमा ७२ वटा दुईपार्ग्रे सवारीसाधन, ६० वटा अटो तथा केही कार र जिप पार्किङ गर्न सकिने क्षमता रहेको उनले जानकारी दिए।

बसपार्कमा करिब ३०० यात्रु अट्ने सुविधा सम्पन्न प्रतीक्षालय, टिकट काउन्टर, एटिएम बुथ, सिसिटीभी तथा सुरक्षा कक्ष, सार्वजनिक शौचालय, प्राथमिक उपचार कक्ष, मिनीमार्ट तथा यात्रु चढाउन र ओराल्नका लागि २२ वटा अटो अट्ने स्टेसन निर्माण गरिएको छ। अन्डरग्राउण्ड पार्किङसहित बसपार्क भवनको पहिलो तलामा १८ वटा व्यावसायिक सटरसमेत निर्माण गरिएको उनले बताए।

उद्घाटन समारोहमा कार्यवाहक नगरप्रमुख बेघाले स्मार्ट बसपार्क सञ्चालनमा आएसँगै धरानको सार्वजनिक यातायात सेवा थप व्यवस्थित, सुरक्षित र यात्रुमैत्री हुने विश्वास व्यक्त गरे। उनले धरानको पुरानो बसपार्क साँघुरो हुँदा यात्रुको भीड, ट्राफिक जाम तथा विभिन्न असुविधा हुने गरेको उल्लेख गर्दै नयाँ बसपार्कले ती समस्या न्यूनीकरण गर्न सहयोग पुग्ने बताए। बसपार्कको व्यवस्थापनलाई आगामी दिनमा थप प्रभावकारी बनाउँदै लगिने उनले प्रतिबद्धता जनाए।

धरानमा लामो समयदेखि व्यवस्थित बसपार्कको अभाव हुँदा यात्रु तथा सार्वजनिक यातायात व्यवसायीले सास्ती भोग्दै आएका उल्लेख गर्दै धरान उपमहानगरपालिकाकी पूर्वनगर उपप्रमुख मञ्जु भण्डारीले नयाँ स्मार्ट बसपार्क सञ्चालनसँगै सार्वजनिक यातायात सेवा थप व्यवस्थित हुने र यात्रुले आधुनिक तथा सहज सेवा प्राप्त गर्ने विश्वास व्यक्त गरिन्। उनले स्मार्ट बसपार्क धरानको गौरवको आयोजना भएको उल्लेख गर्दै पुरानो बसपार्क साँघुरो हुँदा दुर्घटनाको जोखिम तथा अव्यवस्थापन न्यूनीकरण गर्न यसले महत्त्वपूर्ण भूमिका खेल्ने विश्वास व्यक्त गरिन्।

ग्लोबल आइएमईको उद्यमशाला कार्यक्रम घोषणा

■ प्रभाव संवाददाता

काठमाडौं– ग्लोबल आइएमई बैंक लिमिटेडले मुलुकमा उद्यमशिलताको विकास र साना तथा मझौला उद्यमको प्रवर्द्धन गर्ने उद्देश्यले ग्लोबल आइएमई उद्यमशाला कार्यक्रम संचालन गर्ने घोषणा गरेको छ।

विश्व लघु, साना तथा मझौला व्यवसाय दिवस २०२६ को अवसरमा आयोजित कार्यक्रम मार्फत् उद्यमशाला कार्यक्रमको घोषणा गर्दै इन्क्युबेसन कार्यक्रमका लागि देशभरका उद्यमी तथा नवप्रवर्तनको सोच भएका व्यक्तिहरूबाट आवेदन आह्वान गरेको छ।

यस उद्यमशाला कार्यक्रमको मुख्य उद्देश्य नवप्रवर्तनको सोच भएका व्यक्तिहरूलाई सफल उद्यमी बन्न प्रेरित गर्नुका साथै सञ्चालनमा रहेका लघु, साना तथा मझौला व्यवसायमा आवद्ध व्यवसायहरूलाई दिगो र प्रतिष्ठित व्यवसाय बनाउन आवश्यक सैद्धान्तिक एवम् व्यवहारिक ज्ञान, सीप तथा परामर्श प्रदान गर्नु हो।

बैंकको प्रधान कार्यालय कमलादी, काठमाडौंमा आयोजित एक कार्यक्रममा बैंकका प्रमुख कार्यकारी अधिकृत सुरेन्द्र राज रेग्मीले उद्यमशाला कार्यक्रमको विधिवत् घोषणा गर्दै कार्यक्रमका लागि आवेदन खुल्ला भएको घोषणा गरे। 'लघु, साना तथा मझौला व्यवसायीहरूले भोग्नुपर्ने साझा चुनौतीहरूलाई सम्बोधन गर्न बैंकले यो प्लेटफर्म तयार गरेको हो।

कर्णाली राजमार्गका १६ रूग्ण ठेक्का तोडिए

जुम्ला (प्रस)– जुम्लास्थित सडक डिभिजन कार्यालयले कर्णाली राजमार्गका सडक निर्माणका लागि ठेक्का सम्झौता गरी काम नगरेर वर्षौंदेखि अलपत्र पारिएका १६ वटा रुग्ण ठेक्का एकसाथ तोड्न प्रक्रिया सुरु गरेको छ।

सार्वजनिक सूचना प्रकाशित गर्दै कार्यालले कालिकोट, जुम्ला र मुगुमा सञ्चालित १६ वटा ठेक्का सम्झौता गरेर पनि समयमा काम सम्पन्न नगरेपछि ठेक्का अन्त्य गरिएकोसम्बन्धी १५ दिने सार्वजनिक सूचना निकालिएको सडक डिभिजन कार्यालयका सूचना अधिकारी सौरभकुमार सिंहले जानकारी दिए।

ठेक्का तोडिएका आयोजना आर्थिक वर्ष २०७४/७५ देखि २०८२/८३ मा सम्झौता भएका कालिकोटका १२, जुम्लाका तीन र मुगु जिल्लाका एक वटा सडक डिभिजन कार्यालयका मातहतका जिल्लाका रुग्ण ठेक्का तोड्नका लागि प्रक्रिया अगाडि बढाइएको सूचना अधिकारी सिंहको भनाइ छ।

ठेक्का लिने तर काम नगर्ने र आयोजना अलपत्र पार्ने प्रवृत्ति अन्त्यका लागि रुग्ण ठेक्का तोड्न कार्यालय लागिपरेको छ। विभिन्न मितिमा लिखित तथा मौखिक रूपमा कार्य सम्पन्न गर्न अनुरोध तथा जानकारी गराउँदासमेत निर्माण व्यवसायीबाट निर्माण कार्य सम्पन्नतर्फ कुनै चासो नदेखाएकाले सार्वजनिक खरिद कानुनमा भएको व्यवस्थाबमोजिम ठेक्का रद्द गरिएको सडक डिभिजन कार्यालयका प्रमुख श्रवणकुमार महतराले बताए।

यसअघि कर्णाली राजमार्गका ठेक्का निर्माण कार्य अलपत्र पारिएका सडकका १० वटा रुग्ण आयोजनाका ठेक्का तोडिएको सडक डिभिजन कार्यालयले जनाएको छ।

१५८ बचतकर्तालाई रकम फिर्ता

काठमाडौं (प्रस)– समस्याग्रस्त सहकारी व्यवस्थापन समितिले तुलसी सहकारीका साना बचतकर्ताको बचत फिर्ता गरेको छ। समितिका अनुसार तुलसी सहकारीका १५८ जनाले बचत फिर्ता पाएका हुन्। सरकारले समस्याग्रस्त सहकारीको ऋण असुलीबाट प्राप्त भएको रकम पीडित बचतकर्तालाई फिर्ता गरिएको स्पष्ट पारेको छ।

विज्ञापन वापतको रकम भुक्तानी गर्नेबारे अत्यन्त जरुरी सूचना

यस **प्रभाव राष्ट्रिय दैनिक**मा विज्ञापन प्रकाशित गरी कारोबार गर्दै आउनुभएका विज्ञापन एजेन्सी तथा अन्य विज्ञापनदाताहरूले विज्ञापन प्रकाशित गरे वापत हालसम्मको **बाँकी बक्यौता रकम भुक्तानी**का लागि पटक पटक मौखिक तथा लिखित अनुरोध गर्दा पनि भुक्तानी नगर्नु भएकोले यही **मिति २०८३ असार २५ गते**भित्र भुक्तानी गर्नुहुन यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ। अन्यथा यस अवधिभित्र पनि हिसाब फछ्र्योट तथा मिलान नगरिएमा यस **प्रभाव राष्ट्रिय दैनिक**को रेकर्डमा रहिआएको हिसाब नै अन्तिम मानिने र हालसम्म उपलब्ध गराइएको कमिसन सुविधासमेत उपलब्ध गराउन नसकिने तथा रकम भुक्तानी नगर्ने कम्पनी, संस्थाहरूका सञ्चालकको नाम र फोटो सहित सार्वजनिक गरी रकम भुक्तानीका लागि कानून वमोजिम कार्वाही अगाडि बढाइने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराइन्छ।

लेखा शाखा
प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल-७, काठमाडौं, नेपाल, फोन: ९७७-१-४३७३५७७, ४५८४३६८, मोबाइल नं. ९७६१८१५४००
Email:Marketing2prabhab@gmail.com

मौसमजन्य भाइरलबाट सुरक्षित बनौं

- मौसम परिवर्तनसँगै स्वास्थ्यमा विशेष ध्यान दिऔं,
- नियमित रूपमा साबुनपानीले हात धुने बानी बसालौं,
- भीडभाडयुक्त स्थानमा आवश्यक साबधानी अपनाऔं,
- स्वच्छ पानी र ताजा तथा पोषणयुक्त खाना सेवन गरौं,
- खोक्दा वा हाछ्युँ गर्दा मुख-नाक छोपौं,
- घर तथा वरपरको वातावरण सफा र स्वच्छ राखौं,
- ज्वरो, रूधाखोकी वा अन्य लक्षण देखिए तुरून्त स्वास्थ्य जाँच गराऔं,

स्वस्थ र सुरक्षित जीवनशैली अपनाऔं,
चिकित्सकको सल्लाहबिना औषधि सेवन नगरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड